न्याय तथा अधिकार संस्था नेपाल

संस्थागत सामाजिक परीक्षण

# अन्तिम प्रतिवेदन

आ.व. २०८१।८२

प्रस्तुतकर्ता
बाल मुकुन्द आचार्य
सामाजिक परीक्षक

असोज २०८२

# प्रतिवेदनको सारांश

नेपालमा रहेका सामाजिक संघसंस्थाको गैह्र सरकारी क्षेत्रले पनि यसको प्रयोग गरी संस्थाको समाजसँगको स्वच्छता प्रमाणित गर्ने आधार अनुरुप जुरी नेपाल संस्थाको को आ.व. २०८१।८२ को सामाजिक परीक्षण गरिएको छ। संस्थाको काम कर्तब्यसँग सामाजिक रुपमा परेको प्रभावको अध्ययन यस सामाजिक परीक्षणबाट गरिएको हो ।

विभिन्न चरणहरु पार गर्दै यो अध्ययन गरिएको छ । विशेषतः सन्दर्भ सामग्री अध्ययन र समिक्षा, अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल, प्रतिवेदन प्रस्तुति तथा छलफल गर्दै यो परीक्षण गरिएको छ ।

यस परीक्षणमा विभिन्न विषयहरु कार्यक्षेत्रका, संस्थाको प्राथमिकता तथा लक्ष्यहरू, गतवर्ष र यस वर्षका मुख्य मुख्य उपलब्धिहरु, सरोकारवालाहरुको भनाईसहित निष्कर्ष र सुझावहरू संलग्न गरी प्रतिवेदन निर्माण गरिएको छ ।

बाल मुकुन्द आचार्य

स्वतन्त्र सामाजिक परिक्षक

# १ सामाजिक परीक्षण

## १.१ सामाजिक परीक्षणको पृष्ठभूमि

कुनै पनि वैदेशिक अनुदान लिएर संचालन गरेको संघ संस्थाले सुशासन, पारदर्शिता र सामाजिक उत्तरदायित्व अन्तर्गत सामाजिक परीक्षण गर्नुपर्ने विषय उल्लेख गरिएको अनुरुप सामाजिक परीक्षण गर्ने गरिन्छ। नेपालमा स्थानीय तह, शैक्षिक संस्था र विभिन्न सामाजिक संस्थाले सामाजिक परीक्षण गर्नुपर्ने प्रावधान रहेको छ। वैदेशिक अनुदान लिएका सामाजिक संस्थाका लागि समाज कल्याण परिषद्कोका वैदेशिक सहयोग स्वीकृति सम्वन्धि निर्देशिका २०७१ को ४.११ अनुसार संघसंस्थाले संचालित कार्यक्रम/परियोजनाको वार्षिक रुपमा सामाजिक लेखापरीक्षण गर्नु पर्ने व्यवस्था गरिएको छ।

विशेषगरी सामाजिक कार्यको प्रगतिको विश्लेषण हुनु आवश्यक छ। यसैगरी सम्पादन गरेको कार्यक्रम र कार्यक्रमबाट भएको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाको लागि सामाजिक परीक्षणमार्फत स्वच्छताको मुल्याकंन गर्नु सामाजिक परीक्षणको मुख्य उद्देश्य हो। परीक्षणमार्फत सरोकारवालासँगको समन्वयलाई नजिकबाट नियाल्न सकिन्छ।

## १.२ सामाजिक परीक्षणको उद्देश्य

यस सामाजिक परीक्षणको उद्देश्य निम्नानुसार रहेका छन्।

- संस्थाले आ.व. २०८१/०८२ मा कार्यान्वयन गरेका योजना र कार्यक्रम गर्दा सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्न
- कार्यक्रमको लाभग्राही र सरोकारवालाहरुप्रति राखिएको जवाफदेहिता र पारदर्शिताको अवस्थालाई अध्ययन गर्न
- जिम्मेवारी पूरा गर्दा कायम गरिएको संस्थाको शुसासन तथा अन्य कसीमा मुल्याकंन गर्न
- संस्थाले वास्तविक अवस्था मुल्याकंन गर्दै अख्तियार गर्नुपर्ने विषयलाई सुझावका रुपमा ग्रहण गर्न

## १.३ अध्ययन विधी

सामाजिक परीक्षण संचालनका लागि निम्नानुसारको अध्ययन विधिलाई प्रयोग गरिएको छ।

- स्थलगत निरिक्षण तथा अवलोकन

- सन्दर्भ सामग्री अध्ययन र समिक्षा
    - संस्थाका आन्तरिक नीतिहरु
    - बार्षिक प्रतिवेदन, कार्यक्रमहरु समेटिएको डकुमेन्ट
    - केश स्टडी, लेखापरीक्षण प्रतिवेदन आदि
    - अन्तर्वार्ता, व्यक्तिगत समूह छलफल
    - कार्यसमिति र व्यवस्थापन
    - लाभान्वित र सरोकारवाला
    - सुझाव संकलन

## १.४ सामाजिक परीक्षणका चरणहरु

सामाजिक परीक्षण प्रतिवेदन निर्माणका लागि मुख्यतया ५ चरणमा कार्य गरिएको छ । जुन निम्नानुसार रहेका छन् ।

- सन्दर्भ सामग्री अध्ययन र समिक्षा
- अन्तर्वार्ता, व्यक्तिगत समूह छलफल
- प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा प्रतिवेदनमाथि छलफल
- सुझाव संकलन
- अन्तिम प्रतिवेदन लेखन तथा पेश

## १.५ सामाजिक परीक्षणको अवधी

प्रस्तुत सामाजिक परीक्षणमा आर्थिक वर्ष २०८१।०८२ लाई समेटिएको छ ।

## १.६ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन

यस सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन असोज २६ गते काठमाडौमा सरोकारवालासहित प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरि सुझाव समेत संकलन गरिएको थियो ।

## १.७ सामाजिक परीक्षणको सीमाहरु

हरेक अध्ययन र अनुसन्धानका आफ्ना सीमाहरु रहेका हुन्छन् । यस परीक्षणका सीमाहरु यसप्रकार रहेका छन् ।

- संस्थाले प्रदान गरेको द्वितिय स्रोतबाट आएको बार्षिक प्रगति प्रतिवेदन, विभिन्न नीति र लेखापरीक्षण प्रतिवेदन मुख्य आधार बनाइएको
- संस्थाको वित्तिय पक्ष भन्दा कार्यक्रम, गतिविधि र सुशासनका विषयलाई ध्यान दिइएको
- प्रस्तुतीकरणलाई संक्षिप्त बनाउनका लागि छलफल गरिएका सबैको भनाई समावेश नगरिएको
- सूचनाहरु द्वितिय स्रोतबाट लिइएको र सूचनादाताहरुले राखेको व्यक्तिगत विचारलाई समेटिएको
- संस्थागत सामाजिक परीक्षण भएकोले संस्थागत विषयलाई बढी प्रधानता दिइएको

## १.८ सामाजिक परीक्षणका आधारहरु

यस सामाजिक परीक्षणलाई मुख्य ४ वटा आधारमा परीक्षण गरिएको छ। शुरुवातमा संस्थागत जानकारीका विषयलाई समेटी निम्नानुसारको विषयलाई परीक्षणको मुख्य आधार बनाइएको छ।

१) संस्थागत सुशासन

२) कार्यक्रमगत अवस्था र त्यसका प्रभाव

३) कार्यक्रमको बारेमा सरोकारवालाको भनाई

४) संस्थाका सबल पक्ष र सुधार गनुपर्ने पक्षहरु

५) सूचक मुल्यांकन

## २. जुरी नेपालको संस्थागत अवस्था

### २.१ जुरीको परिचय

- मानव अधिकार, विधिको शासन, सामाजिक न्याय र दीगो विकासको प्रवर्द्धनका लागि स्थापित संस्था जुरी नेपाल सन् २०११ मा जिल्ला प्रशासन कार्यालय ललितपुरमा दर्ता रहेको छ । मानव अधिकारका सिद्धान्तहरूलाई अवलम्बन गर्दै, विविधताको कदर गर्दै, कुनै पनि प्रकारको शून्य सहनशीलताको वकालत गर्दै विद्यमान र उदीयमान मानवअधिकारसम्बन्धी सरोकार राख्ने संस्थाको रुपमा जुरी नेपालले आफुलाई स्थापित गरेको छ । यसैगरी मानव अधिकार, कानूनको शासन र संक्रमणकालीन न्याय, सामाजिक न्याय, संघीयता, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, सुशासन, नागरिक र लोकतान्त्रिक क्षेत्रमा संलग्न सरोकारवालाहरुलाई समन्वय गरी विधिको शासन स्थापित गर्न मुख्य योजनाका साथ संस्था स्थापना भएको छ ।

### २.२ जुरीको उद्देश्य

जुरीका रणनीतिक उद्देश्यहरु यसप्रकार रहेका छन् ।

- राष्ट्रिय मानव अधिकार संस्थाहरू, नागरिक समाज संगठनहरूको क्षमता अभिवृद्धि र अधिकारमा आधारित संस्थाहरूबीच रणनीतिक सञ्जाल निर्माण गरी मानव अधिकार संरक्षण र प्रवर्द्धनलाई सुदृढ गर्ने ।
- सामाजिक र लैंगिक हिंसा, जातीय भेदभाव र कानूनको शासनमार्फत अन्य सीमान्तकृत समुदायहरूबाट पीडितहरूको लागि न्यायमा पहुँच ।
- सबै तहमा सुशासन संयन्त्र र उत्तरदायित्व सुदृढ गर्ने ।

### २.३ उदेश्य प्राप्तिका क्रियाकलापहरु

जुरी नेपालले आफ्नो उदेश्य प्राप्तिका लागि निम्नानुसारको क्रियाकलापहरु संचालन गरिरहेको देखिन्छ ।

- कानून र नीतिको समीक्षा, पृष्ठपोषण, अनुसन्धान र प्राविधिक सहयोग
- अधिकारसँग जोडिएका सरकारी निकायलाई नीतिसम्बन्धि प्राविधिक सहयोग
- संवैधानिक अंग, राज्यका तीनै तह र मानव अधिकारसँग कार्यरत संस्थाहरुसँग सहकार्य
- क्षमता विकास, अभिमुखीकरण र सचेतना सम्बन्धी गतिविधिहरू संचालन

- सेवा प्रदायकहरू र बहु-सरोकारवालाहरूसँग अन्तरक्रिया र संवाद
- स्रोत पुस्तिका उत्पादन तथा प्रकाशन र प्रचार
- नीति वकालत र मुद्दामा आधारित वकालत, अभियानहरूको नेतृत्व र सहजीकरण
- समुदायमा आधारित संस्थाहरु, विषयगत मुद्दा-आधारित सञ्जालहरुसँग सहकार्य र साझेदारी
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग समन्वय र सहकार्य
- सार्वजनिक हीतका लागि मुद्दा दायर र वकालत गर्ने
- आवश्यक कानूनी सहायता र सेवाहरू प्रदान गर्ने

## २.४ संस्थागत सुशासन


कुनै पनि संस्था संचालनका लागि यसको नीतिगत पक्षदेखी प्रशासनिक पक्षसम्म चुस्त रहनुपर्दछ । विशेषगरी संस्था संचालन प्रकृयामार्फत संस्थाको सुशासन कस्तो छ मुल्याकंन गर्न सकिन्छ । संस्थाको कार्यकारी समितिमा समावेशिता, आर्थिक चुस्तता, सरकारी निकायमा नवीकरण कार्यविभाजनदेखी सूचना प्रवाहका विभिन्न पक्षले सामाजिक संस्थालाई सुशासनसँग जोड्दछ । यसैअनुरुपमा ज्रुीको संस्थागत सुशासनको अवस्थालाई निम्नानुसार मुल्यांकन गर्न सकिन्छ ।

| **विवरण** | **वर्तमान अवस्था** |
|---|---|
| संस्थाको साधारण सदस्य संख्या | ५४ |
| संस्थाको कार्यसमिति संख्या | ११ (महिला ७, पुरुष ४)<br>दलित ३, जनजाति १, खस आर्य ७ |
| संस्थाको सदस्यता खुलापन | आवश्यकता अनुसार |
| कार्यसमिति नियमित वैठक (बार्षिक) | मसिक रुपमा बस्ने गरेको |
| नियमित साधारण सभा | २०८१ |
| कार्यसमिति पुनर्गठन | २०८० |
| समयमा लेखापरीक्षण | २०८१/८२ को सम्पन्न भएको |
| संस्था नवीकरण | २०८२ असार मसान्तसम्म |
| आगामी बर्षको बजेटसहितको योजना निर्माण | देखिन्छ |
| कार्यविभाजन र जिम्मेवारी विभाजन | संगठनात्मक ढाँचा (अर्गानोग्राम) बनेको |
| पदोपसान अनुसार निर्णय प्रकृया | संगठनात्मक ढाँचाअनुसार कार्यविभाजन |

| | |
|---|---|
| कर्मचारी संख्या | ११ जना (महिलाः ६, पुरुषः ५)<br>दलितः १, जनजातिः ४, खसआर्यः ६ |
| सरकारसँगको आवद्धता | जिल्ला प्रशासन कार्यालय,<br>समाज कल्याण परिषद्,<br>ललितपुर महानगरपालिका,<br>आन्तरिक राजस्व कार्यालय |
| कार्यसमितिको सुविधा | वैठक खर्च मात्र, अन्य तलबी सुविधा नरहेको |
| कर्मचारीको सुविधा | श्रम ऐन अनुसार तलब, थप बीमा सुविधा, तालिम आदि |
| कर्मचारीको वैठक | कर्मचारी वैठक : २ पटक, परियोजना व्यवस्थापन समितिको वैठकः ४ पटक |
| सूचनाको माध्यम र सर्बसाधारणसम्म सूचना प्रवाह | वेभसाईट (www.jurinepal.org.np)<br>ईमेल सर्कुलेशन, पम्पलेट, लिफलेट, बुकलेट, युट्यूव बर्षिक र नियमित कार्यक्रमका, सामाजिक सञ्जाल |
| **हालसम्मका संस्थागत नीतिहरु** | • विधान<br>• कर्मचारी प्रशासन तथा संचालन निर्देशिका २०७०<br>• आर्थिक नियन्त्रण निर्देशिका २०६८<br>• संस्थाको दोश्रो पाँच बर्षे रणनैतिक योजना ( सन् २०२२ देखि २०२६)<br>• लैंगिक तथा सामाजिक समावेशीकरण नीति २०७२<br>• सुशासन र भ्रष्टाचार विरोधी नीति २०१५<br>• यौनजन्य दुर्व्यवहार विरुद्धको नीति<br>• सञ्चार नीति २०१६<br>• खर्च बाडफाँड नीति २०१९<br>• महामारीका लागि कार्यालय सञ्चालन मार्गनिर्देशन<br>• लिलामी प्रक्रिया २०७८<br>• साझेदार चयन निर्देशन २०२३ |
| **गतबर्षको नीतिगत व्यवस्था** | • संस्थाको कर्मचारी प्रशासन तथा सञ्चालन निर्देशिका, २०७० मा संशोधन<br>• संस्थाको आर्थिक नियन्त्रण निर्देशिका, २०६८ मा संशोधन |

## २.५ संस्थागत संरचना (अर्गानोग्राम)

संस्थाले संस्थागत गतिविधिलाई व्यवस्थित गर्नका लागि निम्नानुसारको संस्थागत संरचना निर्माण गरेको छ। जुरीले संस्थालाई सहज र वैज्ञानिक ढंगले संचालन गर्न निम्नानुसारको संस्थागत संरचना निर्माण गरेको देखिन्छ।




## २.६ सहकार्य गरिएका गैह्र सहकारी तथा अन्य संस्था

- ICTJ
- CRR
- Governance Facility
- UNICEF
- UNDP Nepal
- OSPC / ASD
- USAID (Sajhedari, IRI)
- ICJ
- UN Women
- IM Swedish Development Partner

## २.७ सञ्जाल

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार राष्ट्रिय सञ्जालसँग आवद्द संस्थाहरु यसप्रकार छन्

**सञ्जालमा सम्बद्ध संरक्षक महासंघहरु**

१. गैरसरकारी संस्था महासंघ,

२. दलित गैर सरकारी संस्था महासंघ

३. मधेशी दलित गैसस महासंघ

४. राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

**सञ्जालका सदस्य संस्थाहरु**

५. राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च

६. आदिवासी जनजाति महिला समूह, नेपाल

७ आइ.जी.डि, लाजिम्पाट, काठमाडौं

८. इको हिमाल नेपाल, काठमाडौं

९. एडवान, काठमाडौं

१०. एम्नेष्टि इन्टरनेशनल, नेपाल, काठमाडौं

११. इनद्रेणी ग्रामिण विकास केन्द्र, कपिलवस्तु

१२. किर्डाक, जुम्ला

१३. गो गो फाउण्डेशन, अनामनगर

१४. जागरण नेपाल, काठमाडौं

१५. जागरण मिडिया सेन्टर, काठमाडौं

१६. डिग्नीटी इनिसियटिभ

१७. डिइयुसी बारा,

१८. दीगो विकासको लागि राष्ट्रिय अभियान नेपाल

१९. नेपाल विकास अभियान,

२० निल हिरा समाज, नेपाल

२१. फियान नेपाल, काठमाडौं

२२. बियोण्ड बेइजिङ कमिटी, काठमाडौं

२३. ओरेक, ललितपुर

२४. मेड नेपाल

२५. न्याय तथा अधिकार संस्था

२६. नेपाल महिला मुस्लिम कल्याण समाज

२७. नेपाल ग्रामिण पूनर्निर्माण संस्था

२८. नेपाल महिला एकता समाज, काठमाडौं

२९. राधा पौडेल फाउण्डेशन, काठमाडौं

३०. सञ्चारिका समूह नेपाल

३१. सबैका लागि न्याय, अनामनगर, काठमाडौं

३२. समता फाउण्डेशन

३३. स्वच्छ व्यवसायी समूह नेपाल

३४. सिड, दाङ

३५. सिद्दार्थ सामुदायिक विकास केन्द्र, कपिलवस्तु

३६. स्वान, दाङ

३७. होप हर्मिटेज नेपाल, काठमाडौं

३८ नेपाल अपाङ्ग महिला संघ

३९ मानवअधिकार तथा सामाजिक रुपान्तरण अभियान

४० दलित विकास मञ्च, सिरहा

४१ सम विकास केन्द्र नेपाल


४२ सार्वजनिक सरोकार कानून व्यवसायी समुह

## ३. परियोजना तथा संस्थागत उपलब्धीहरु


### ३.१ तथ्यांकमा प्रत्यक्ष लाभान्वित संख्या

जुरी नेपालको आव. २०८१।८२ मा संचालित परियोजना तथा विभिन्न क्रियाकलापहरुबाट प्रत्यक्ष रुपमा जम्मा ९ हजार सय ४१ लाभान्वित भएका छन् । परियोजनागत रुपमा लाभान्वित भएको संख्या तलको तालिका र चार्टमा हेर्न सकिन्छ ।


| परियोजना | प्रत्यक्ष लाभान्वित संख्या |
|---|---|
| नीति तर्जुमा सहयोग परियोजना, द एशिया फाउण्डेशन | १७१ |
| आघातपछि शसक्तिकरणको बाटो : हाम्रो सहकार्य परियोजना, यु.एन. वुमन | ५,६६० |
| लैंगिकजन्य हिंसा रोकथाम तथा महिला शसक्तिकरण परियोजना, युएनएफपिए | ३,०५४ |
| कानूनी सचेतना प्रवर्द्धन परियोजना, डि.के.ए.अष्ट्रिया | ७१ |
| तुलनात्मक अध्ययन मार्फत संवैधानिक अन्तरसरकार विवाद समाधान तथा संस्थागत सुदृढीकरण, द एशिया फाउण्डेशन | ६१ |
| सामाजिक परीक्षण २०८१ | ३४ |
| **जम्मा** | **९,०५१** |



## लैंगिक आधारमा सहभागिता




## जातिगत रुपमा सहभागिता




## अपांगता भएका व्यक्तिको सहभागिता

| | |
|---|---|
| अपांगता भएका व्यक्तिको सहभागिता | ९५ |

**३.२ परियोजना र कार्यक्रमहरु (आ.व. २०८१।८२)**

| परियोजनाको संक्षिप्त नाम | मुख्य क्रियाकलाप | दातृसंस्था |
|---|---|---|
| आघात पछि सशक्तिकरणको बाटो-हाम्रो सहकार्य परियोजना | सीमान्तकृत समूहहरूको सामूहिक नेतृत्व विकास, हानिकारक तथा विभेदकारी मुल्य मान्यता, संरचनात्मक लैंगिक असमानताहरूलाई सम्बोधन | UN Women |
| नीति तर्जुमा सहयोग परियोजना | प्रदेश तथा स्थानीय सरकारलाई नीति तर्जुमामा सहयोग | The Asia Foundation |
| कानूनी सचेतना प्रवर्द्धन परियोजना | कानूनी साक्षरता तथा क्षमता विकास | DKA Austria |
| लैंङ्गिकजन्य हिंसा रोकथाम तथा सम्बोधन | नीतिगत तथा प्राविधिक सहयोग | UNFPA |
| तुलनात्मक अध्ययन मार्फत संवैधानिक अन्तरसरकार विवाद समाधान तथा संस्थागत सुदृढीकरण | नीति पैरवीका लागि अध्ययन तथा अनुसन्धान | The Asia Foundation |
| नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्वन्धी ऐनको कार्यान्वयन | नीति पैरवी तथा प्राविधिक सहयोग | Purak Asia |

### ३.२.१ परियोजना १

**नेपालको मधेश र लुम्बिनी प्रदेशमा महिला, युवा, दलित र सीमान्तकृत समुदायका लागि कानून र नीतिहरू *(नीति तर्जुमा सहयोग परियोजना)***

यो परियोजना अवधि १५ नोभेम्बर २०२४ देखि  ३१ जुलाई, २०२५ सम्मको रहेको छ । परियोजनको दातृसंस्थाको रुपमा  द एसिया फाउण्डेशन रहेको छ । परियोजनाको कार्यक्षेत्र मधेश प्रदेश एवं मधेश प्रदेशका तीनवटा स्थानीय तहहरु दुर्गा भगवती गाउँपालिका, रौतहट, मटिहानी नगरपालिका, महोत्तरी र लोहरपट्टी नगरपालिका, महोत्तरी तथा लुम्बिनी प्रदेश एवं लुम्बिनी प्रदेशका तीनवटा स्थानीय तहहरु सिस्ने गाउँपालिका, रुकुम पुर्व, सरावल गाउँपालिका नवलपरासी तथापाणिनी गाउँपालिका, अर्घाखाँची रहेका छन् ।

परियोजनाको मुख्य उदेश्य स्थानीय तहका लागि नीतिगत प्राविधिक सहयोग रहेको छ । विशेषगरी प्रदेश तथा स्थानीय सरकारलाई लैंगिक समानता, समावेशी शिक्षा तथा दलित सशक्तिकरण सम्वन्धी विधेयकको मस्यौदामा प्राविधिक सहयोग गर्नुका साथै सहभागितामूलक तवरवाट नीति तर्जुमाका लागि स्थानीय महिला, युवा तथा लक्षित नागरिकहरु र नागरिक संस्थाहरुसग छलफल र सहकार्य गर्ने आदि छन् ।

| क्रसं | क्रियाकलाप | विवरण |
|---|---|---|
| १ | नीति तर्जुमाका लागि स्थानीय सरकारसँग छलफल | • मधेश प्रदेश र मधेश प्रदेशका तीनवटा पालिकाका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमाका लागि स्थानीय सरकारसँग छलफल, प्राविधिक सहयोग र सहकार्य तथा परामर्श बैठक तथा अर्न्तक्रिया कार्यक्रम । |
| २ | समावेशी शिक्षा नीति तर्जुमाका सम्बन्धी अतरक्रिया | • मधेश प्रदेश र लुम्बिनी प्रदेशका तीन तीनवटा पालिकामा समावेशी शिक्षा नीति तर्जुमाका लागि प्राविधिक सहयोगको साथै स्थानीय सरकार, समूदायसँग छलफल तथा परामर्श र अर्न्तक्रिया कार्यक्रम । |
| ३ | दलित सशक्तिकरण ऐन तर्जुमाका लागि | लुम्बिनी प्रदेशका लागि दलित सशक्तिकरण ऐन तर्जुमाका लागि प्रदेश सरकार र नागरिक समाजसँग सहकार्य तथा छलफल र अर्न्तक्रिया कार्यक्रम । |
| ४ | नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल | • उपरोक्त सबै नीति तथा कानून तर्जुमाका लागि नागरिक पृष्ठपोषण लिनका लागि नागरिक समाज संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल तथा अर्न्तक्रिया कार्यक्रम । |

**परियोजनको मुख्य उपलब्धिहरु**

- तिनवटै पालिकाको सरकारी प्रतिनिधी, जनप्रतीनिधी र सम्वन्धी सरोकारवालाहरुले सहभागिता र समावेशीमुलक तरिकाले नीति तर्जुमा गरीएकोमा उपलव्धीमुलक हुने र पालिकाले सोही अनुसार अनुमोदन गर्न प्रतिवद्धता व्यक्त भएको देखिन्छ ।
- समुदायहरुको सवाललाई उठान गर्नको लागी तिनवटै पालिकाहरुमा कोलिएसन समिति गठन भएको देखिन्छ ।

### ३.२.२ परियोजना २

**नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्वन्धी ऐनको कार्यान्वयनलाई प्रवर्द्धन परियोजना**

यस परियोजना अवधि १५ मे, २०२५ देखि  ३१ डिसेम्वर, २०२५ रहेको छ । परियोजनालाई द पूरक एसियाले दातृसंस्थाको रुपमा सहयोग गरेको देखिन्छ । यस परियोजनाको कार्यक्षेत्रहरु लुम्बिनी प्रदेशका तोकिएका स्थानीय तहहरु सरुमारानी गाउँपालिका,प्युठान र शुद्धोधन गाउपालिका, कपिलवस्तु रहेका छन् ।

परियोजनाको मुख्य उदेश्य स्थानीय तहका लागि नीतिगत प्राविधिक सहयोग रहेको देखिन्छ । विशेषगरी नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्वन्धी ऐनको समिक्षा गरी यसको कार्यान्वयन र प्रर्वद्धन गर्न स्थानीय सरकार, लक्षित नागरिकहरु र नागरिक संस्थाहरुसँग छलफल गरी प्रतिवेदन तयार गर्नुका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र खाद्य सम्प्रभुतालाई आफ्नो एजेन्डामा समावेश गर्न सरकार र नागरिक संस्थाहरुलाई सशक्त बनाउनु रहेको छ ।

**क्रियाकलाप र उपलब्धि**

- यस कार्यक्रमको शुरुवात मात्र भएकोले गतबर्षको उपलब्धि मापन गर्नुपर्ने बेला भएको देखिएको छैन ।

### ३.३.३ परियोजना ३

### आघातपछि शसक्तिकरणको बाटो : हाम्रो सहकार्य परियोजना

यस परियोजनाको पूर्ण नाम आघातबाट सशक्तिकरणको बाटो, कथाकथन र सामुहिक परिचालन मार्फत सामाजिक मुल्यमान्यताहरु परिवर्तत परियोजना रहेको छ । परियोजनाको अववधि मार्च १५, २०२२ देखि ३० अप्रिल २०२६ सम्म देखिन्छ । संस्थाले परियोजना स्थलको रुपमा  डोटी, कैलाली र सुर्खेत जिल्लाका विभिन्न पालिकाहरुलाई अघि बढाएको देखिन्छ । यो परियोजनाको दातृसंस्थाको रुपमा युएन वुमन रहेको छ भने परियोजना कार्यान्वयनका लागि साझेदार संस्थाको रुपमा दलित महिला संघ (फेडो) रहेको छ ।

परियोजनाको मुख्य उदेश्यहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको सवालहरुलाई आत्मसात गर्दै लक्षित समूहको क्षमतामा अभिबृद्धि, समुदायमा आधारित आयआर्जन तथा जीविकोपार्जका अवसरहरु प्रदान गरी आर्थिक सुरक्षा अभिबृद्धि, विभेदकारी सामाजिक प्रथा तथा परम्पराहरुको रुपान्तरणका लागि सामुहिक सहकार्य र नेतृत्व विकास आदि रहेका छन् ।

**परियोजनाको मुख्य क्रियाकलाप र उपलब्धी**

| क्रस | क्रियाकलाप | विवरण | संख्या |
|---|---|---|---|
| १ | सामुदायिक सहजकर्ताहरुको क्षमता अभिबृद्धि | • रिफरल सहयोगलाई प्रभावकारी रुपमा सहजीकरण गर्नका लागि ४९ जनालाई तालिम प्रदान गरिएको | महिलाः ४७, पुरुषः २ (दलित : ३८, जनजाति : ६, अन्य : ५) |
| २ | रिफरल भिलेज क्लिनिक | • २४ वटा  रिफरल भिलेज क्लिनिकबाट ७४५ जना ब्यक्तिहरुहरुलाई घरेलु हिंसा, रिफरल सहयोगमा उपलब्ध सेवाहरु र सम्बन्धित सेवाप्रदायकका बारेमा जानकारी गराइएको | महिलाः ६५२, पुरुषः ९३ (दलित : ३४५, जनजाति : १५२, अन्य : १६२, मधेसीः ७४  मुस्लिमः १२) |
| ३ | लैङ्गिक हिंसा प्रभावितहरुलाई सहयोग | • ७८ जनालाई लैङ्गिक हिंसा प्रभावितहरुलाई रिफरल सहयोग जस्तैः मनोसामाजिक परामर्श तथा कानुनी सहायता प्रदान गरिएको | महिलाः ७३, पुरुषः ५ (दलित : ५४, जनजाति : ७, अन्य : १७) |
| ४ | सहकार्य वैठक | • जिल्ला तथा पालिकामा रहेको रिफरल संयन्त्रमा काम गर्ने कार्यदल र संयन्त्र तथा संघसंस्था लगायत स्थानीय सरकार र सरकारी सेवाप्रदायकहरुसँग समन्वयात्मक तथा सहकार्य वैठक संचालन भएको | |
| ५ | लैङ्गिक रुपान्तरणकारी संवाद प्रवर्द्धन | • लैङ्गिक रुपान्तरणकारी संवाद प्रवर्द्धनका लागि प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरिएको | (३१ जना |
| ६ | प्रदेश स्तरीय लैङ्गिक रुपान्तरणकारी संवाद | • प्रदेशस्तरीय लैङ्गिक रुपान्तरणकारी सम्वाद प्रवर्द्धनका लागि प्रशिक्षण तालिम संचालन गरिएको | (३१ जना |

| | | | |
|---|---|---|---|
| ७ | रिफलेक्ट कक्षा | • रिफ्लेक्स कक्षामार्फत कुल ५३१ जनालाई २० वटा महिला पैरवी समुहमा २८८ वटा सत्र संचालन गरिएको । | (दलित : ४००, जनजाति : ६३, अन्य : ६८) अपांगता भएका व्यक्तिहरु: १४ |
| ८ | महिला पैरवी समुहमार्फत १०९ वटा सामुदायिक कार्ययोजना निर्माण गरी कार्यान्वयन | • विद्यमान रहेका हानिकारक तथा विभेदकारी मुल्यमान्यता र सामाजिक मुद्दाहरु जस्तैः छाउपडी तथा महिनावारीमा हुने विभेद, लैङ्गिक विभेद तथा घरेलु हिंसा, जातीय विभेद तथा छुवाछुत, बालविवाह, लागुऔषध तथा दुर्व्यसनी नियन्त्रण आदि विरुद्ध समुदायलाई जनचेतना जगाउने तथा स्थानीय सरकार तथा सेवाप्रदायकको ध्यानाकर्षण समुदायका ५,६६० जनालाई प्रत्यक्ष रुपमा विविध कार्यक्रममा सहभागी गराई सचेतना फैलाइएको । | महिलाः ४३३४, पुरुषः १३२६ (दलित : २९०६, जनजाति : ११०९, अन्य : १६३३, मुस्लिमः १२) अपांगता भएका व्यक्तिहरु: ८७ |
| ९ | जीविकोपार्जन सुधार सहयोग कार्यक्रम | • व्यक्तिगत जीविकोपार्जन सुधार सहयोग कार्यक्रमबाट महिला पैरवी समुहका १०६ जना महिला महिलाहरुलाई आयआर्जन का लागि सहयोग प्रदान गरीएको । | (दलित : ८६, जनजाति : ६, अन्य : १४) |
| १० | व्यावसायिक सहयोग | • महिला पैरवी समुहका ९५ जना महिलाहरुलाई सामुहिक जीविकोपार्जन सुधार क्रियाकलापबाट आयआर्जन तथा आर्थिक सशक्तीकरणमा सहयोग प्रदान गरीएको तथा १० वटा सामुहिक व्यवसायहरुमामा सहयोग गरिएको । | (दलित : ६५, जनजाति : २२, अन्य : ८) ५ वटा टेलरिङ्ग, २ वटा दुनाटपरी, १ वटा अदुवा तथा बेसार खेती, २ वटा बाखापालनमा सहयोग |
| ११ | दलित महिलाहरुको प्रदेशस्तरीय सञ्जाल | • दलित महिलाहरुको कर्णाली तथा सुदुरपश्चिम प्रदेशस्तरीय सञ्जालका ५४ जना महिला सदस्यहरुको क्षमता अभिवृद्धि गरिएको । | (दलित : ५०, अन्य : ४) |
| १२ | लैसासास नीति निर्माण | • लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीतिको बृहत कार्ययोजना निर्माणका लागि २ वटा पालिकाहरु कैलाली गाँउपालिका तथा भजनी नगरपालिका लाई प्राविधिक सहयोग प्रदान गरी कार्ययोजना निर्माण गरिएको । | |
| १३ | विद्यार्थी सचेतना कार्यक्रम | • ३ वटा सामुदायिक विद्यालयका ८२ जना बिद्यार्थीहरु तथा किशोर किशोरीसँगको छलफल तथा संवादबाट लैङ्गिकता, लैङ्गिक भुमिका, लैङ्गिक विभेद तथा हिंसा आदि विषयमा सचेतना प्रदान गरिएको । | (किशोरः ५२, किशोरीः ३०) (दलित : ३६, जनजाति : ३१, अन्य : १५) |
| १४ | अन्तरपुस्ता सम्वाद | • ४० वटा अन्तरपुस्ता संवाद तथा छलफलबाट समुदायका १,०५२ जनालाई लैङ्गिकता, लैङ्गिक भुमिका, लैङ्गिक विभेद, हानीकारक मुल्यमान्यता तथा त्यसको अन्त्यका लागि आ आफ्नो भुमिकाबारे सचेतना प्रदान | (दलित : ६९०, जनजाति : १५२, अन्य : २०९, मधेसीः १) अपांगता भएका व्यक्तिहरु: ५) सहभागी |

| | | | |
|---|---|---|---|
| १५ | सञ्चार सामग्री उत्पादन | • १ सूचना तथा सञ्चार सामग्री उत्पादन, योजना तर्जुमाका सातवटा चरणसम्वन्धी लिफलेट प्रकाशन | १,००० प्रति लिफलेट प्रकाशन र वितरण । |
| १६ | सडक नाटक | • विभेदकारी तथा हानिकारक मुल्यमान्यताहरुविरुद्ध सडक नाटक सञ्चालन | ६१८ जना समुदायका व्यक्ति सहभागी |
| १७ | महिला पैरवी समुहको ज्ञापनपत्र | • छाउपडी प्रथाको अन्त्य र वार्षिक योजना, बजेट तथा कार्यक्रम निर्माण, वैठक तथा छलफलमा समुदायका पछाडि पारिएका सिमान्तकृत समुदायको सहभागीता तथा उनीहरुको समस्या सम्बोधन उठान गरी महिला पैरवी समुहले ज्ञापनपत्र बुझाई वकालत गरिएको | परियोजना क्षेत्रका १० वटा पालिकाका २१ वटा वडामा संचालन |

**परियोजनाका मुख्य उपलब्धिहरु**

- ७० जना महिला (दलित : ५९, जनजाति : ४, अन्य : ७) पैरवी समुहका सदस्यहरुले आ.व. २०८१/८२ को वडास्तरिय बजेट तथा कार्ययोजना तर्जुमा वैठकमा (Ward level planning process) सहभागी रहेको जसमध्ये ४१ जना महिला पहिलोपटक यस्ता वैठकहरुमा सहभागी भएर आफ्ना समस्या तथा सवाल राखेको

- ७ वटा महिला पैरवी समुहले रु ३ लाख ७० हजार बराबरको बजेट तथा कार्यक्रम स्थानीय सरकारबाट ल्याउन सफल भएको, जसबाट सीप तथा क्षमता अभिवृद्धिका क्रियाकलापहरु भएको

- मासिक रुपमा हुने रिफ्लेक्ट कक्षा तथा विभिन्न नेतृत्व विकास तालिमको सहयोग स्वरुप हाल महिला पैरवी समुहका ७७ जना महिला (दलित : ५८, जनजाति : १३, अन्य : ६) सदस्यहरुले स्थानीय तहमा गठन गरिने विभिन्न संजाल, संयन्त्र, उपभोक्ता समिति, विभिन्न राजनैतिक दलको वडा तथा पालिका स्तरीय संगठनहरुको सदस्यता हासिल गर्न सफल भएको जसमध्ये १७ (दलित : १६, अन्य : १) जना उक्त समिति तथा संयन्त्रको निर्णायक पदमा पनि पुग्न सफल भएको आदि

### ३.२.२ परियोजना ४


लैंगिकजन्य हिंसा रोकथाम तथा महिला शसक्तिकरण परियोजना

यस परियोजनाको पूरा नाम लैङ्गिकजन्य हिंसा रोकथाम तथा सम्बोधन, सक्षम महिला, सुखी नेपाली एवं बृहत्तर यौन शिक्षा परियोजना रहेको छ । परियोजना संचालन अवधि १ जनवरी, २०२५ देखी ३१ डिसेम्बर, २०२५ सम्म रहेको छ । परियोजनाको कार्यक्षेत्रको रुपमा कोशीका ९ वटा पालिका, सदुरपश्चिमका १२ वटा पालिका, मधेशमा ११ वटा पालिका र कर्णालीका ३ वटा पालिका रहेका छन् । परियोजना संचालनको दातृसंस्थाको रुपमा युएनएफपिए रहको छ ।

परियोजनाको मुख्य लक्ष्य र उद्देश्य लैङ्गिक समानता तथा लैंगिक न्याय प्रवर्द्धनका साथै विद्यमान गुनासो सुनुवाई संयन्त्रमा लैङ्गिक दृष्टिकोणको प्रत्याभूतिका लागि नीतिगत सहयोग, वकालत र पैरवी र लैङ्गिकमैत्री बजेटका लागि सहजीकरण र वकालतका साथै यौन तथा प्रजनन् स्वास्थ्य अधिकारको प्रवर्द्धन आदि रहेका छन् ।

22 Birendranagar
23 Narayan
24 Shuva Kalika

1 Biratnagar
2 Belaka
3 Chaudandigadi
4 Chisankugadi
5 Katari
6 Manebhanjyang
7 Molung
8 Siddhicharan,
9 Triyuga




10 Badimalika
11 Belauri
12 Bitthadchir
13 Budiganga
14 Dasarathchand
15 Dhangadhi
16 Dipayal Silgadhi
17 Jayaprithvi
18 Kamalbazar
19 Mangalsen
20 Patan
21 Safebagar

25 Adarsha Kotwal
26 Agnisair Krishna Svaran
27 Bindabasini
28 Birgunj
29 Bodhimai
30 Janakpur
31 Nagarain
32 Nawarajpur
33 Pakaha Mainpur
34 Sakhuwanankarkatti

## परियोजनाको मुख्य क्रियाकलाप र उपलब्धी

| क्रस | क्रियाकलाप | विवरण | संख्या |
| --- | --- | --- | --- |
| १ | लैससास नीतिको विस्तृत कार्ययोजना तर्जुमाका लागि प्राविधिक सहयोग तथा सहजीकरण | • कोशी प्रदेशका ९ वटा पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिसम्बन्धी कार्ययोजना तर्जुमा नभएकोमा लैससास नीति कार्यान्वयनका लागि विस्तृत कार्ययोजना तर्जुमाका लागि विषय बिज्ञको परिचालन गरी परामर्श कार्यशालामार्फत प्राविधिक सहयोग र सहजीकरण | कोशी प्रदेशका ९ वटा र सुदुरपश्चिम प्रदेशका ८ (कोशीबाट ४०४ र सुदूरपशिचमबाट २९३ जना सहभागी |
| २ | अन्तिम परामर्श बैठक तथा हस्तान्तरण | • कोशी र सुदुरपश्चिम प्रदेशका तोकिएका पालिकामा लैससास नीतिको विस्तृत कार्ययोजना सम्बन्धी अन्तिम परामर्श बैठक तथा हस्तान्तरण कार्य सम्पन्न | कोशी प्रदेशका ९ र सुदुरपश्चिम प्रदेशका ८ पालिका |
| ३ | एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षित आवास गृहसम्बन्धी अभिमुखीकरण | • लैङ्गिकमैत्री सेवा प्रवाहका लागि विद्यमान **गुनासो सुनुवाई संयन्त्र** (एकद्वार संकट व्यवस्थापन केन्द्र र सुरक्षित आवास गृह) मा गुनासो सुनुवाई संयन्त्र स्थापना तथा नमूना निर्देशिका तर्जुमाका लागि प्राविधिक सहयोग तथा सहजीकरण सम्पन्न भएको<br>• जिल्लागत अभिमुखीकरण सम्पन्न, प्रदेश मन्त्रालयका सचिवको अध्यक्षतामा जिसस, पालिका, जिप्रका, सेफ हाउस आदिबाट प्रतिनिधित्व भएको | सुदुरपश्चिको धनगडीमा ४२ जना कोशीको ९२ जना सहभागी |
| ४ | ओसीएमसी र सेफ हाउस गुनासो सुनुवाइ सम्बन्धी निर्देशिका तर्जुमासम्बन्धी अभिमुखीकरण | • कोशी प्रदेश र सुदूरपश्चिम प्रदेशका ७ वटा जिल्लामा एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) र सुरक्षित आवास गृह (सेफ हाउस) मा गुनासो सुनुवाइ सम्बन्धी निर्देशिका तर्जुमाका लागि प्राविधिक सहयोग तथा प्रारम्भिक मस्यौदाउपर अभिमुखीकरण, जिल्लास्तरीय अभिमुखीकरण सम्पन्न भएको सबै जिल्लामा जिससका प्रमुखको अध्यक्षतामा पालिका प्रमुख, उपप्रमुख, वडाअध्यक्षहरु सहभागी भएको । | कोशीमा ३ वटा कार्यक्रममा १११ जना तथा सुदूरपश्चिममा ४ वटा कार्यक्रममा १६१ सहभागी |
| ५ | लैंगिक उत्तरदायी बजेटसम्बन्धी मेन्टरिङ र कोचिङ | • लैंगिक उत्तरदायी बजेट तर्जुमा सम्बन्धी सहजीकरण (मेन्टरिङ र कोचिङ) सम्पन्न भएको<br>• संघीय अर्थ मन्त्रालयले २०७७ मा तर्जुमा गरेको लैङ्गिकमैत्री बजेट कार्यान्वयनको अवस्थाका बारेमा समीक्षा गर्नुका साथै सो निर्देशिका कार्यान्वयनका लागि विज्ञमार्फत अनुशिक्षण र सहजीकरण भएको । | मधेसका ४, कोशीका ९, सुदूरपश्चिमका १०, कर्णालीका ३ पालिकामा छुट्टाछुट्टै कार्यक्रम सम्पन्न |

| | | | |
|---|---|---|---|
| ६ | लैङ्गिक उत्तरदायी बजेट र जेसीसम्बन्धी प्रादेशिक अन्तरक्रिया | • लैङ्गिक उत्तरदायी बजेट र लैससासमा स्थानीय सरकारको भूमिकासम्बन्धी प्रादेशिक अन्तरक्रिया सम्पन्न भएको ।<br>• सबै प्रदेशका प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको समन्वयका कार्यक्रम सम्पन्न भएको ।<br>• कार्यक्रममा पालिका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत सहभागी | मधेशका १२ पालिका, सुदूरपश्चिमका १२ पालिका तथा कोशीका परियोजना लागु भएका सबै क्षेत्र |
| ७ | **यौन तथा प्रजनन स्वास्थ्य अधिकार प्रवर्द्धन सम्वन्धी कार्यक्रम** | • राष्ट्रिय मानव अधिकार अयोगसगको समन्वय र यूएनएफपिएको सहयोगमा यौन तथा प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी सूचकहरुको प्रारम्भिक छलफल तथा अनुगमन चेकलिष्ट तयारी सम्बन्धी कार्यशाला ललितपुरको चाकुपाटमा सम्पन्न ।<br>• सुदुरपश्चिम प्रदेशको धनगढीमा यौन तथा प्रजनन् स्वास्थ्य अधिकार एवं लैगिक हिंसा सम्बन्धी ३ दिने कार्यशाला गोष्ठिको सहजीकरण धनगढीमा सम्पन्न भएको । | ललितपुरमा ४१ जना सहभागी तथा धनगढीमा जुरी नेपालको १ सत्र संचालन |
| ८ | **कानुन विषय अध्ययनरत विद्यार्थीहरुका लागि मेन्टरशिप फेलोशिप कार्यक्रम** | • स्नातक तहमा कानुन विषय अध्ययनरत विद्यार्थीहरुका लागि मेन्टरशिप फेलोशिप कार्यक्रमको प्रारम्भिक चरणको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।<br>• लैगिक न्याय तथा हानिकारक अभ्याससम्वन्धी अनुसन्धानात्मक कार्यपत्र तयारीका लागि अनुशिक्षण मुख्य विषय रहेको । | नेशनल कलेजका २० विद्यार्थी र ४ शिक्षक सहभागी |
| ९ | मधेसका पालिकामा जेसी नीति तर्जुमा र हस्तान्तरण | • मधेसका ११ वटा पालिकामा छुट्टाछुट्टै जेसी नीति तर्जुमाका लागि वैठक बसेको र वैठकपश्चात् नीति पारित गरि हस्तान्तरण गरिएको ।<br>• पहिलो चरणमा पकहामैनपुर, विरगञ्ज, सिरहा, अग्नीसाईरकृष्ण सवरण पालिका तथा दोस्रो चरणमा आदर्शकोतवाल, बिन्दवासीनी, बौदिमाइ, शखुवानन्कारकटी, जनकपुर, नगराइन र यमुनामाइमा हस्तान्तरण कार्यक्रम सम्पन्न भएको | |
| ७ | **किशोर किशोरीको स्वास्थ्य तथा विकास सम्बन्धी रणनीति तर्जुमा** | • लुम्बिनी प्रदेशको **कपिलवस्तु नगरपालिकाका** लागि किशोर किशोरी स्वास्थ्य तथा विकाससम्बन्धी रणनीति तर्जुमाको लागि प्राविधिक सहयोग तथा सहजीकरणका लागि प्रारम्भिक बैठक सम्पन्न भएको ।<br>• रणनीतिको प्रारम्भिक मस्यौदा उपर छलफल कार्यक्रम आयोजना भएको ।<br>• रणनीतिको अन्तिम मस्यौदा उपर परामर्श तथा छलफल कार्यक्रम सम्पन्न ।<br>• पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षता रहेको बैठकमा विभिन्न शाखाका प्रमुख र प्रतिनिधि सहभागी भएको | |

| | | |
|---|---|---|
| ८ | **संघीय र प्रादेशिक तहमा लैंगिक हिंसासँग सम्वन्धित नीतिगत तथा कानुनी व्यवस्थाको प्रतिवेदनउपर परामर्श** | • संघीय तहमा लैंगिक हिंसा पिडितको न्यायमा पहुँच अभिवृद्धिः नीति समीक्षा तथा सुझावहरु सम्बन्धी परामर्श कार्यशाला आयोजना ।<br>• संघीय तहमा प्रतिनिधि सभाका २ वटा समितिहरु **महिला तथा सामाजिक मामिला समिति तथा कानुन, न्याय तथा मानवअधिकार समिति गरी २** वटा र प्रदेश तह कोशी र सूदुरपश्चिम गरी २ वटा कार्यशाला आयोजना ।<br>• राष्ट्रिय सभाका सदस्यहरुसँगको अर्न्तक्रियाः लैङ्गिक हिंसापिडितको न्यायमा पहुँच अभिवृद्धिः नीति समीक्षा तथा सुझावहरु सम्बन्धी परामर्श कार्यक्रम सम्पन्न भएको ।<br>• कोशी प्रदेशका नीति निर्मातासँग नीतिगत सम्बाद : लैंगिक हिंसा विरुद्धमा भएका कानुनको नीतिगत अन्तर विश्लेषणका मुख्य सिफारिसहरूबारे नीतिगत संवाद सम्पन्न भएको ।<br>• सुदुरपश्चिम प्रदेशका नीति निर्मातासँग अर्न्तक्रिया : लैङ्गिक हिंसापिडितको न्यायमा पहुँच अभिवृद्धि : नीति समीक्षा तथा सुझावहरु सम्बन्धी परामर्श कार्यशाला सम्पन्न । |

**परियोजनाको मुख्य उपलब्धिहरु**

१. लैससास सम्वन्धी विस्तृत कार्ययोजना ४ वटा पालिकावाट स्विकृत गरी कार्यान्वयनमा आएको जुरी नेपालले लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको विस्तृत कार्ययोजना तर्जुमाका लागि गरेको प्राविधिक सहयोग र सहजिकरणका आधारमा मोलुङ गाउँपालिका, ओखलढुंगा, मानेभन्ज्याङ गाउँपालिका, ओखलढुंगा, वित्थडचिर गाउँपालिका, बझाङ तथा दशरथचन्द नगरपालिका, बैतडीले कार्यपालिकाबाट स्वीकृति गरी लागु भएको ।

२. लैंङ्गिक सम्बेदनशील संरचनाका लागि जुरी नेपालले गरेको प्राविधिक सहयोग र सहजीकरकणका आधारमा गुनासो सुनुवाइ संयन्त्रको स्थापना भएको

- मोरङको सुरक्षित आवास गृहले गुनासो सुन्ने समिति र उजुरी पेटीका राखेको,
- सिद्दिचरण नगरपालिकाले सुरक्षित आवास गृहमा संयन्त्र सम्वन्धी प्रावधानलाईसंयन्त्र स्थापना गर्ने विषय स्थानीय राजपत्रमा समेत प्रकाशित गरिसकेको
- बैतडीको पाटन नगरपालिकाले संयन्त्र स्थापनाको लागि नीतिगत निर्णय र समिति गठन गरेको
- उदयपुरको कटारी नगरपालिकाले निर्देशिकालाई लागु गर्ने निर्णय गरेको ।

३. मधेश प्रदेशका ६ वटा पालिकाहरु बौदीमाई नगरपालिका, रौतहट, शखुवानन्कारकट्टी, सिरहा, आदर्श कोतवाल गाउँपालिका, बारा, विन्दवासीनी नगरपालिका पर्सा, नवराजपुर नगरपालिका सिरहा तथा अग्नीसाइर कृष्णसवरण गाउँपालिका, पर्साले लैससास नीति कार्यान्वयन गर्ने निर्णय गरेको ।

४. लैंगिकमैत्री बजेट तर्जुमाका लागि स्थानीय सरकारलाई सहयोग र सहजीकरण गरिएको

५. यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका लागि नीतिगत वकालत र पैरवी आदि ।

### ३.२.५ परियोजना ५

**कानूनी सचेतना प्रवर्द्धन परियोजना**

यस परियोजनाको पूरा नाम समुदायका नेतृत्वको क्षमता विकासमार्फत कानूनी साक्षरता प्रवर्द्धन परियोजना रहेको छ । परियोजना अवधि ०१ अक्टोबर २०२३ देखि ३० सेप्टेम्वर २०२४ सम्म रहेको छ । यसैगरी परियोजना स्थल कैलाली जिल्लाको कैलारी गाउँपालिका रहेका छ । यो परियोजना संचालनका लागि दातृसंस्थाको डिकेए, अष्ट्रियाले सहयोग गरेको छ ।

परियोजनाको मुख्य उदेश्यहरुमा परियोजना संचालित क्षेत्र अर्न्तगत स्थानीय तथा सामुदायिक तहमा नागरिकका आधारभूत कानूनी हक अधिकारका विषयमा कानूनी सचेतनामार्फत नागरिकलाई सूसुचित गर्नुका साथै उनीहरुका हक अधिकार र कर्तव्यबारे प्रशिक्षित गर्नका लागि स्थानीय प्रशिक्षणकर्ता तयार गरी अन्य समूदायमा कानूनी सचेतना फैलाउन सरकारलाई सहयोग गर्ने रहेको छ ।

**मुख्य क्रियाकलापहरु**

**यस परियोजनाका मुख्य क्रियाकलापहरु निम्नानुसार रहेका छन्:**

- समुदाय कानूनी सचेतनासम्वन्धी हाते पुस्तकको तयारी तथा प्रकाशन गरीएको ।
- महिला विशेष गरी स्थानीय सहकार्य गर्ने संस्था तथा स्थानीय सहकारी संस्थामा कार्यरत महिलासँगको सहकार्यमा पुस्तकको तयारी गरिएको ।
- प्रशिक्षणका लागि स्रोत सामाग्रीको तयारी गरिएको ।
- स्थानीय महिला सञ्जाल, जनप्रतिनिधि र न्यायिक समितिका पदाधिकारीसँग परामर्श तथा अर्न्तक्रिया कार्यक्रम गरिएको ।
- समसामयिक कानुनी मुद्दाहरुमा ५ वटा भिडियो क्लिपहरुको निर्माण गरिएको ।

### ३.३.६ परियोजना ६

### तुलनात्मक अध्ययन मार्फत संवैधानिक अन्तरसरकार विवाद समाधान तथा संस्थागत सुदृढीकरण

यस परियोजनाको पुरा नाम तुलनात्मक अध्ययन मार्फत संवैधानिक अन्तरसरकार विवाद समाधानका संयन्त्रको सुदृढीकरण र न्यायिक समितिको निर्णयहरू सम्बन्धमा जिल्ला अदालतको सुपरिवेक्षण कार्यको सुदृढीकरण परियोजना रहेको छ । यस परियोजनाको अवधि अप्रिल २१, २०२५ देखि अप्रिल २०, २०२६ सम्म रहेको छ । परियोजना स्थलको रुपमा कैलाली जिल्लाको कैलारी गाउँपालिका रहेको छ। यसैगरी यस परियोजनालाई द एशिया फाउण्डेशनले दातृसंस्थाको रुपमा सहयोग गरेको छ ।

परियोजनाको मुख्य उदेश्यहरुको रुपमा तुलनात्मक अध्ययन तथा सिकाइमार्फत अन्तरसरकार संवैधानिक विवाद समाधानका संयन्त्रलाई सुदृढ बनाउन सहयोग गर्ने, न्यायिक समितिको निर्णयहरू सम्बन्धमा जिल्ला अदालतको सुपरिवेक्षण कार्यको सुदृढ गर्ने तथा ज्ञान सिर्जना र सार्वजनिक सरोकारका विवाद (मुद्दा) मार्फत सशक्त, कार्यात्मक र जवाफदेही स्थानीय शासनको प्रवर्द्धन गर्ने रहेका छन् ।

**मुख्य क्रियाकलापहरु**

यस परियोजनाको मुख्य क्रियाकलापहरु निम्नानुसार रहेका छन् ।

- तुलनात्मक अध्ययनका लागि ४ वटा विषय छनौट गरी ४ वट परामर्श वैठक सम्पन्न भएको
- दुईवटा परामर्श बैठक अनुसन्धानको खाका तथा क्षेत्र पहिचानको लागि गरिएको बाँकी दुईवटा परामर्श बैठक अनुसन्धानको पहिलो मस्यौदा माथि छलफल तथा पृष्ठपोषणको लागि गरिएको
- परामर्श बैठकमा अनुसन्धानका विषयसँग सम्बन्धित विषय विज्ञहरूको उपस्थिति रहेको ।
- तुलनामत्मक अध्ययन गरिएका ४ वटा विषयहरु निम्नानुसार रहेका देखिन्छन् :
    - तहगत सरकारको अधिकारसम्बन्धी विवाद रोकथाम र निरुपणको संवैधानिक ढाँचाः तुलनात्मक अध्ययन
    - प्राकृतिक सम्पदाको उपयोग र लाभको बाँडफाँटमा अन्तरसरकारी विवादको तुलनात्मक समीक्षा
    - वातावरणीय न्यायको सन्दर्भमा समावेशिता र अधिकार संरक्षण, प्रवर्द्धन र विकासमा सरकारको तहगत दायित्वको तुलनात्मक समीक्षा
    - नेपालमा संवैधानिक इजलासको व्यवस्था : अनुशरण गरिएका नीतिहरु र उपलब्धीहरुको पुनरावलोकन

**मुख्य उपलब्धि**

चारवटै विषयको अध्ययनको प्रारम्भिक कार्य मात्र अगाडि बढको र प्रतिवेदन लेखन बाँकी रहेको देखिएको छ ।

### ३.३.७ जुरी नेपालका अन्य क्रियाकलापहरु

जुरी नेपालले परियोजनासँगै विभिन्न सामाजिक न्याय र अधिकारका विषयमा पहल, वकालत र पैरवी कार्यलाई निरन्तरता दिएको देखिन्छ। गतबर्ष गरिएको मुख्य मुख्य पहल, वकालत र पैरवी निम्नानुसार रहेका छन् :

**क) विवाहको उमेरसम्वन्धी फौजदारी अपराध संहिता संशोधनमा सुझाव :**

सरकारले विवाहको उमेर अनुसार सजायको हद घटाइ प्रस्ताव गरेको विधेयकमा जुरी नेपालले यसको समीक्षा गरी यसको निचोड र सुझाव सहितको पत्र कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयका सचिवमार्फत सरकारलाई बुझाएको थियो । २०८२ जेठ १ गतेको सुझावपत्रमा नेपालको सन्दर्भमा विवाहको उमेर २० वर्षनै हुनुपर्ने कुरामा जुरी नेपालको धारणा र सुझाव रहेको अनुरोध गर्दै विवाहको उमेर २० बर्ष नै कायम गर्न अनुरोध गरिएको देखिन्छ ।

**ख) भूमि सम्वन्धी समस्याको समाधान गर्न सरकारको ध्यानाकर्षण :**

संविधानले ग्यारेन्टी गरेको विना कुनै विकल्प जर्वजस्ती विस्थापन गर्न नहुने मौलिक हकविरुद्ध सरकारले विभिन्न ठाउँमा जर्वजस्ती विस्थापनका घटना घटाएको सन्दर्भमा जुरी नेपालले उल्लंघनका घट्नाको स्थालगत भ्रमणमा सहभागी हुनुका साथै २०८१ मंसिर ४ गते भूमी समस्या समाधान आयोगका अध्यक्षलाई ध्यानाकर्षण गरी एम्नेष्टि इन्टरनेशनल नेपाल, आत्मनिर्भर केन्द्र र महिला एकता समाजको तर्फबाट जारी सुझावपत्रमा एक्यबद्धता जनाइएको देखिन्छ ।

**ग) बजेटसम्बन्धी सुझावः**

सञ्जाल सचिवालयको तर्फबाट संघीय सरकारले आ.व. २०८२/८३ मा ल्याउन लागेको बजेट तथा कार्यक्रममा मानव अधिकारको प्रवर्द्धन गर्ने कार्यक्रमका साथै मौलिक हक कार्यान्वयनका लागि बजेट ल्याउन जोड दिँदै २०८१ चैत्र २९ गते सुझावपत्र बुझाउनुका साथै सार्वजनिक समेत गरेको । गैसस महासंघ तथा मधेशी दलित गैसस महासंघ लगायत २८ वटा नागरिक संस्थाको तर्फबाट जुरी नेपालले प्रतिनिधित्व गरेको देखिन्छ ।

**घ) संयुक्त अवधारणा पत्र निर्माण :**

देशका विभिन्न स्थानमा विभिन्न पक्षबाट भएका विकल्पविना जवर्जस्ती विस्थापनविरुद्द भएका मानव अधिकार उल्लंघनका घट्नाको स्थालगत भ्रमणमा विभिन्न नागरिक समाज संस्थासँग सहकार्य गर्नुका साथै सामाजिक न्यायको पक्षमा वकालत गर्न यस विषयमा क्रियाशिल एम्नेष्टि इन्टरनेशनल नेपाल, सि.एस.आर.सी, एडभोकसी फोरम, इन्सेक लगायतका नागरिक संघ संस्थाहरुसँग संयुक्त फिल्ड अवलोकनमा सहभागी हुनुका साथै संयुक्त विरोध पत्र तथा अवधारणापत्रहरु समेत सार्वजनिक गर्नुका साथै सिमान्तकृत समूदायको हकहितका लागि आवाज उठाउने कार्यलाई यस बर्ष पनि निरन्तरता दिँदै आएको देखिन्छ ।

### ३.४ जुरी नेपालले दायर गरेका रिट

**जुरी नेपालले सार्वजनिक मुद्दाका विषयहरुलाई रिटको रुपमा विगतदेखी दायर गरेको छ । जुन यसप्रकार रहेका छन्:**

क) खाद्यमाथि पहुँचको अभावका कारण कोभिडको अवधिमा मृत्युवरण गरेका नागरिकको मानव अधिकारको प्रत्याभूतिका लागि नीतिगत व्यवस्था र सरकारको जवाफदेहीताको विषय एवं संबिधानको मौलिक हक कार्यान्वयन गर्न जारी हुनुपर्ने खाद्य अधिकार तथा खाद्य संप्रभुताको हकसम्वन्धी ऐनको नियमावली लागु नभएको समेत विषयमा दायर गरिएको रिटमा सर्वोच्च अदालतबाट सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ। यसको पूर्णपाठ अझै प्राप्त भएको छैन ।

ख) संवैधानिक आयोगहरुमा करिव ५ बर्षसम्म पदाधिकारी रिक्त भएको विषयलाई लिएर समयमै पदाधिकारी नियुक्ति हुनुपर्ने र राज्यका अंगहरुलाई लक्षित वर्गको हितमा चलायमान गराउन, त्यहाँको नियुक्ति प्रक्रिया र श्रोत साधनयुक्त बनाउनुपर्ने विषय लिई दायर भएको रिटमा बहस सम्पन्न भई निशुमा राखिएको छ ।

ग) देशका विभिन्न स्थान लगायत चितवनस्थित राष्ट्रिय निकुञ्ज प्रशासनले चेपाङ्ग बस्तिमा जर्वजस्ती विस्थापन गरेको लगायत जर्वजस्ती विस्थापनको निर्णय विरुद्धको रिट निवेदन ( विभिन्न नागरिक संस्थासँगको सहकार्यमा दायर गरिएको) मा अन्तिम सुनुवाई भई सरकारका नाउँमा निर्देशनात्मक आदेश जारी भएको छ। यसको पनि पूर्ण पाठ आउन बाँकी छ।

घ) स्वास्थ्य मन्त्रालयले लागु गरेको विद्यालय नर्सिङ्ग कार्यक्रम सम्वन्धी कार्यविधिले समावेशीताको सिद्दान्त र मान्यतालाई इन्कार गरेको सम्वन्धमा (दलित गैसस महासंघससमेतको सहकार्यमा दायर) रिटमा सकारात्मक आदेश हुन सकेन ।

ङ) जातीय विभेदको घट्नामा भएका उजुरीको अनुसन्धान अवधिमा अभियुक्तलाई थुनामा पठाउने विषयमा भएको विभेद विरुद्द दायर रिट पनि यसै बर्ष सम्पन्न भएको छ ।

***माथिका विषयमा सकारात्मक परिणाम आउन सकेनको नदेखिएपनि ती विषयहरु मुद्दाको रुपमा स्थापित भएका छन् र यसले आगामी दिनको वकालतका लागि मद्दत गर्ने अपेक्षा गरिएको देखिन्छ ।***

जुरी नेपालले विभिन्न नागरिक संघ संस्थासँगको सहकार्यमा दायर भएका निम्न बमोजिमका सार्वजनिक सरोकार निहित रिट निवेदनहरु हाल सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेका छन्।

१. सोनाहा समुदायलाई आदिवासी जनजातिको सुचिमा सुचिकृत गर्नु भनि सर्वोच्च अदालतले परमादेश जारी गरेता पनि ५ वर्षसम्म फैसला कार्यन्वयन नभए पश्चात सोनाहा समुदायका लागि जुरी नेपालको सहयोगमा अदालतको अवहेलनामा पुनः रिट दर्ता गराउन प्राविधिक सहयोग गरिएको रिट निवेदन,

२. अपांगता भएका व्यक्तिको अधिकारसम्वन्धी कानून संबिधानसँग बाझिएको विषय सम्वन्धी रिट निवेदन,

३. अर्न्तराष्ट्रिय सन्धी संझौताको कार्यान्वयनको सर्न्दभमा सरकारको दायित्व एवं जवाफदेहीता सम्वन्धी रिट,

४. मन्त्रीपरिषदबाट भएका नीतिगत निर्णयमा दिइएको कानूनी उन्मुक्ति सम्बन्धी रिट *(विभिन्न ६ वटा नागरिक संस्थासँगको सहकार्यमा दायर)* लगायत माथि उल्लेखित रिटहरु अन्तिम सुनुवाईको क्रममा रहेका छन् ।

## ४ आर्थिक तथा विविध विश्लेषण

### ४.१ संस्थागत आम्दानी खर्च विवरण

| आम्दानीतर्फ | | | खर्चतर्फ | | |
|---|---|---|---|---|---|
| **विवरण** | **२०८१।८२** | **२०८०।८१** | **विवरण** | **२०८१।८२** | **२०८०।८१** |
| संस्थागत अनुदान | ४,२०,२७,२९४.०० | २,२८,३५,२३७.०० | परियोजनगत खर्च | ४,२०,२७,२९४.०० | २,२८,३५,२३७.०० |
| सदस्यता | ३५,०००.०० | ११५,०००.०० | प्रशासनिक र अन्य खर्च | १५,५८,८६६.०० | २०,९२,७४२.०० |
| विविध आम्दानी | १,३८५,४३३.०० | ८२,१५०.०० | ह्रासकट्टी | २,१३,५५३.०० | १,६१,७७८.०० |
| **जम्मा आम्दानी** | ४,३४,४७,७२७.०० | २,३०,३२,३८७.०० | **जम्मा खर्च** | **४,३७,९९,६९३.००** | **२,५०,८९७५७.००** |

### ४.२ परियोजनागत आम्दानी र खर्च विवरण

| **दातृसंस्था** | **आम्दानी (गतबर्षबाट तानिएकोसहित)** | **खर्च** |
|---|---|---|
| UN women pathway | २,११,५५,२९२ | २,०९,७३,६६२ |
| DKA-Australia | १३,७८,७५३ | १२,११,६४७ |
| TAF CSM | १४,९१,८६३ | १४,९१,८६३ |
| TAF DEAT | २६,८५,४८८ | ७,६४,२०३ |
| Purak Asia | ९,९३,६०० | ३,५१,४७० |
| UNFPA/GBVPR 2024 | ३२,५५,६०६ | ३२,५५,६०६ |
| UNFPA/GBVPR 2025 | १,४१,५५,५०६ | १,३९,७८,८४४ |
| Core fund | २७,५६,९६४ | १५,७०,४२५ |

## ४.३ बिषयगत खर्च र आर्थिक पक्ष

संस्थाको उदेश्य र आर्थिक पक्ष विश्लेषण गर्दा संस्थाको यस पक्ष सकारात्मक देखिन्छ । संस्थाको आर्थिक पक्षको अवस्था निम्नानुसार देखिन्छ ।

- आ.व. २०८०।८१ भन्दा २०८१।८२ मा आम्दानी उल्लेख्य बढेको देखिन्छ ।
- दोहोरो श्रेस्ताप्रणाली राख्ने गरिएको देखिएको छ ।
- लेखा चुस्त देखिन्छ । समयमा लेखापरीक्षण प्रतिवेदन तयार गरेको पाईएको छ ।
- संस्थाको इतिहास र हालका कार्यक्रमको खर्च गराई, पारदर्शिता आदि लाई विश्लेषण गर्दा परियोजनामा स्वच्छता देखिन्छ ।
- कार्यक्रमको उद्देश्य अनुसार नै खर्च देखिएको छ ।
- आर्थिक र प्रशासनिक नीति निर्माण गरि खर्च गरिएको पाइएको छ ।
- दातृनिकायबाट नियमित र सम्झौताअनुसार अनुगमन भएको देखिन्छ ।

## ४.४ कार्यक्रम र लाभान्वितकर्ता छनौटका आधार

जुरी नेपालले आफ्ना कार्यक्रम र लाभान्वित छनौटका लागि निम्नानुसार आधार तय गरेको देखिन्छ ।

- सामाजिक र लैंगिक हिंसामा परेका, जातीय भेदभाव र कानूनी सहयोगको आवश्यकता परेका समूह
- लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि पछाडी परेको क्षेत्र र समूह छनौट गरिएको
- कानूनी राज्य निर्माणमा सहयोग हुने कार्यक्रम निर्माण गरिएको
- राज्यको नीतिगत अवस्था र त्यसको असर प्रभावका आधारमा नीतिगत परिवर्तनको प्रकृयाका लागि आवश्यक कार्यक्रम निर्माण हुने गरेको
- समाज कल्याण परिषद्सँग गरिएको परियोजना सम्झौता अनुसारको कार्यक्रम

### ४.४ दीगो विकास लक्ष्यमा जुरीको प्रभाव

ज्रीका परियोजना तथा क्रियाकलापले सन् २०३० सम्म पूरा गर्ने गरी संयुक्त राष्ट्रले राखेको दीगो विकास लक्ष्यमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग गरेको देखिन्छ।

| लक्ष्य | प्रभाव पार्ने कार्यक्रम |
|---|---|
| ५.५ | राजनीतिक, आर्थिक र सार्वजनिक जीवनमा निर्णय लिने सबै तहमा महिलाहरूको पूर्ण र प्रभावकारी सहभागिता र नेतृत्वका लागि समान अवसरहरू सुनिश्चितता |
| ८.५ | सबै महिला र पुरुषका लागि पूर्ण र उत्पादनशील रोजगारी र मर्यादित काम र समान मूल्यको कामको लागि समान पारिश्रमिक प्राप्त गर्ने |
| १६.७ | सबै तहमा उत्तरदायी, समावेशी, सहभागितामूलक र प्रतिनिधि निर्णय गर्ने सुनिश्चितता |
| १६ ख | दीगो विकासका लागि भेदभावरहित कानुन र नीतिहरूको प्रवर्द्धन र कार्यान्वयन गर्ने |
| १ ख | लैङ्गिक-संवेदनशील विकास रणनीतिहरूमा आधारित राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरहरूमा ठोस नीति ढाँचाहरू सिर्जना गर्ने |

यसबाहेक संस्थाका कार्यक्रमहरुबाट लक्ष्य १ को गरीविको अन्त्य, लक्ष्य २ को भोकमरीको अन्त्यलगायत विभिन्न लक्ष्य प्राप्तिमा अप्रत्यक्ष रुपमा सहयोग पुगेको देखिन्छ।

### ४.५ संस्थागत अनुगमनको अवस्था

नियमनकारी निकाय तथा तथा सहयोगी संस्थाबाट सस्थाको नियमित अनुगमन भइरहेको देखिन्छ। विशेषगरी गतबर्ष समाज कल्याण परिषद्‌बाट भएका अनुगमनहरु निम्नानुसार रहेका छन्।

**मार्च १०, २०२५**

मुल्यांकन गरिएको परियोजनाको नाम : **Update and Publish Practitioner's Handbook on Strategy Litigation लगायत**

मूल्यांकन टोलीको नामः श्री लुना थापा, श्री संजय कुमार मल्लिक, नि. निर्देशक,

सुझाव : मानव विकास सूचकांकमा कमजोर जिल्लामा कार्यक्रम गर्न सुझाव, चौमासिक प्रतिवेदन बुझाउने।

**फेब्रुअरी २४, २०२५**

मुल्यांकन गरिएको परियोजनाको नाम : **ENAHR Project/OSPC**

मूल्यांकन टोलीको नामः श्री दिपक आचार्य

सुझाव : प्रतिवेदन प्राप्त गर्न बाँकी

**जुलाई ९, २०२५**

मुल्यांकन गरिएको परियोजनाको नाम : **UNFPA Year 2024 and DKA-Austria**

मूल्यांकन टोलीको नामः डा.कल्पना मिश्र

सुझाव : स्थानीय तहमा नियमित फलोअप गर्ने, दातृसंस्थासँग लामो समयका लागि सहयोग प्रस्ताव गर्नुपर्ने ।

### ४.६ संस्थाको परियोजनाको स्वच्छता र समन्वय

संस्थाले आफ्नो परियोजना तथा कार्यक्रमहरु संचालन तथा न्यूनतम पूरा गर्ने विषयलाई पूर्णता दिएको देखिन्छ । संस्थाको परियोजना प्रस्ताव गर्दा स्थानीय तहसँग पूर्वस्विकृति लिने गरेको देखिएको छ । यसैगरी संस्थाले समाज कल्याण परिषद्को स्विकृति पश्चात् परियोजना संचालन गर्ने गरेको पाइएको छ । संस्थाले पारदर्शिताका लागि नियमक निकायबाट नियमित रुपमा अनुगमन गर्ने देखिएको छ । यसैगरी दातृनिकायले बेलाबेलामा अनुगमन गरिरहेको देखिन्छ ।

समन्वयको मुल्याकंन गर्दा स्थानीय तहदेखी संघीय सरकारसँगहरुको समन्वय राम्रो देखिएको छ । विभिन्न संवैधानिक आयोग, विषयगत मन्त्रालयदेखी अन्य सरकारी निकायहरु तथा संस्थाको समान उदेश्य भएका संघसस्थाहरुसँग समेत सहकार्य भएको देखिएको छ ।

## ४.७ सफलताको कथा

### परिवर्तनका लागि भित्री शक्तिको पहिचान

**सरला देवाल,** सदस्य, संकल्प स्वालम्बन समूह



मेर ो परिवारले दैनिक आवश्यकताहरू व्यवस्थापन गर्न धैरै संघर्ष गरिरहेको थियो । मैले केही गर्न चाहे पनि आर्थिक रुपमा सबल बन्ने पाटो खोज्दै थिएँ । म आवद्ध समूहले मानव अधिकार, लैङ्गिक भेदभाव, लैङ्गिक भूमिका, शक्ति सम्बन्ध, र लैङ्गिक हिंसा सम्बन्धी सत्रहरूले मलाई आफ्नै परिस्थितिहरूमा सोच्न सहयोग पुग्यो । छलफलको क्रममा, महिलाका लागि आर्थिक स्वतन्त्रता धैरै महत्वपूर्ण छ भन्ने अनुभुत गरेँ। यदि महिलाहरुले आर्थिक रूपमा बलियो हुँदा गाउँलेहरूबाट सम्मान पाउँने  घरेलु हिंसासँग लड्न सहिने थाहा पाएँ ।

म आफ्नै पार्लर सुरु गर्ने खोज्दै गर्दा सीप सहयोगको लागि स्वावलम्बन समूहले सुझाव दिएपछि मेरो सपनाले पखेटा समात्यो । मैले पार्लरको लागि विभिन्न कस्मेटिक वस्तुहरू र उपकरणहरू पाएँ । मैले आफ्नै सानो व्यवसाय सुरु गरें। अहिले म प्रति दिन करिब १ हजार कमाउँछु । यसले मेरो परिवारलाई हाम्रो दैनिक आवश्यकताहरू व्यवस्थापन गर्न मद्दत गरिरहेको छ। म आगामी दिनहरूमा मेरो व्यवसायलाई बढाउन र टिकाउन सोचिरहेको छु। यसका साथै मैले आत्मसन्तुष्टि पनि पाएँ र छोरीहरू दायित्व होइनन् तर तिनीहरू छोरा जस्तै परिवारको सम्पत्ति पनि हुन् भनेर प्रमाणित गरें । पहिले  मेरो धारणा धैरै कमजोर थियो, मैले कहिल्यै मेरो भित्री शक्ति देखिनँ । म मात्र होइन, समूहका अन्य सदस्यहरूले पनि आफ्नो शक्ति महसुस गरें, पहिलो पटक हामी आफ्नो प्रशंसा गर्छौं, हामीले आफ्नो प्रशंसा गर्छौं, हामीले आफ्नो ख्याल राख्न थाल्यौं । त्यहाँ हाम्रो आत्मविश्वास मात्र होइन तर सामूहिक प्रयास र सामूहिक आवाज पनि बढेको छ । हामीले समूहकै मार्फतबाट हानिकारक मान्यताहरूलाई सम्बोधन गर्न सामुदायिक कार्य योजना विकास गरेका छौं। प्रतिविम्ब सत्र अहिले चलिरहेको छ, हामी सञ्चार र सार्वजनिक भाषण अभ्यासहरू मार्फत हाम्रो नेतृत्व कौशल बढाउने काम गरिरहेका छौं। म यी सत्रहरूको साँच्चै आनन्द लिइरहेको छु ।

## ५. सरोकारवालाको भनाई

## ५.१ सामाजिक परीक्षणका क्रममा राख्नुभएको सरोकारवालाको भनाई

### वीरमा नेपाली, संयोजक, सिर्जनशील पौरवी महिला कृषक समूह, सुर्खेत

जिल्लामा सो परियोजना जुरी नेपाल र दलित महिला संघ (फेडो) को प्रवेशसँगै महिलाहरु आफैमा थप मजबुत हुन पुगेको छ ।  विगतमा महिला हिंसाको जोखिम सहन बाध्य ती महिलाहरु आज हिंसाको विषयमा बोल्न सक्ने भएका छन् । यसैगरी पालिकासँग जोडिएर काम गर्न सक्ने भएका छन् । परियोजनामार्फत जागरुक भएकोमा संस्थाप्रति धन्यवाद दिन चाहन्छु ।

### बिसी नेपाली, सदस्य, पैरवी समूह

हाम्रो समूहमा २५ जना महिला दिदीबहिनीहरु हुनुहुन्छ । हामी समूहमा धेरै छलफल गर्दछौं । महिला दिदीबहिनीहरुले कुनै घट्ना घट्यो भने एकजुट भएर काम गर्ने गरेका छन् । उनीहरुले समूहमार्फत जातिय रुपमा भएका विभिन्न विसंगतिहरुतर्फ एकमत भएर आफ्ना भनाई राख्न र त्यसविरुद्ध लड्न र परिवर्तन गर्न सफल भएका छौं ।

### सीमा बिसी, सदस्य आभाष, स्वयं सहायता पैरवी समूह

हामी आफ्नै विकासका लागि स्वयं सहायता पैरवी समूहमा आवद्ध भएका छौं । समूहमार्फत समूहमा भएका महिलाहरुलाई आवश्यक जीविकोपार्जनसम्बन्धी तालिम लिने तथा त्यसका लागि छलफल गर्ने गरेका छौं । हाम्रो वैठक नियमित हुने गर्दछ । हामीले आफुलाई लागेका कुरा नडराई निर्धक्क राख्न सक्ने भएका छौं । विगतमा घरबाट निस्कन डर मान्ने महिला आज स्वयं आफैँ परिवारको तर्फबाट निर्णय लिन सक्ने भएको महशुस गरेका छौं ।

### कान्तिराज भण्डारी, अध्यक्ष जिल्ला आमा समूह ओखलढुंगा

ओखलढुंगा भित्रका केही पालिकामा लैंगिक समावेशीता तथा सामाजिक समावेशीकरण नीति २०८१ बनिरहेको छ । यसैगरी यहाँ पाँच वर्षे कार्ययोजना समेत तयार गरेका छौं । गुनासो सुनुवाई तथा व्यवस्थापन कार्यान्वयन विधिसमेत बनिरहेको छ । विशेषगरी सिद्धिचरण नगरपालिकाले जुरी नेपालको रुपमा सहयोगी हात प्राप्त गरेको छ । जुरी नेपालको प्राविधिक सहयोगमा यहाँ जति पनि कामहरु भइरहेको छ यसमार्फत पालिकाहरुलाई अघि बढ्न मद्दत पुगिरहेको छ ।

### मञ्जु महत, महिला शाखा प्रमुख, मंगलसेन नगरपालिका

जुरी नेपालले यस नगपालिकामा न्यायको क्षेत्रमा वकालत गर्ने कार्यमा तिव्रता दिएको छ । । यस नगरपालिकामा लैङ्गिक उतरदायी बजेट निर्माणका विषयमा प्राविधिक सहयोगको कार्य गरिरहेको छ । सोमार्फत बजेटले महिला तथा बालबालिका र दलितमा सहयोग पुगेको छ या छैन ? यी मानिसका जीवनमा परिवर्तन आयो कि आएन ? बजेट पीडित पक्षले पाएको छैन भन्ने विषयमा जानकारी लिन उत्प्रेरणा प्रदान गरिरहेको छ । जुरी नेपालले गरेको नीतिगत प्राविधिक सहयोगमार्फत पालिकालाई सहयोग पुगेको छ ।

**निशान्त शर्मा, अध्यक्ष, चिशंखुगढी गाउँपालिकाका**

लैङ्गिक हिंसा र हिंसा निवारणका विषयमा नीतिगत प्राविधिक सहयोग जुरी नेपालले गरेको छ । समावेशिता सम्बन्धी गाँसिएका पक्षहरु पनि स्थानीय तहले कानुनमा ल्याउनुपर्ने महत्पूर्ण उदाहरणका रुपमा रहेको छ। स्थानीय तहलाई जसरी सहयोग प्राप्त भइरहेको छ, यसले निकै राम्रो काम गरिरहेको छ। आवश्यकताका आधारमा रुपले स्थानीय तहमा ऐन तथा नियम बन्न असहज अवस्थामा जुरीको सहयोगले स्थानीय तहलाई सहि मार्गमा हिड्न सहयोग प्रदान गरिरहेको छ।

**कलावती साउद, उपप्रमुख, दिपायल सिलगढी नगरपालिका**

दलित महिला संघ र जुरी नेपालले संचालन गरेको परियोजनामार्फत वडास्तरमा गाउँघर क्लिनिक सञ्चालन भएका छन् । क्लिनिक सञ्चालन गर्दा हिंसा प्रभावित महिला दिदीबहिनीको पहिचान गर्न सहज भएको छ। सोही क्षेत्रसँग जोडिएर नगरपालिकाले लैङ्गिक हिंसा कोष निवारण खडा गरेको छ। हिंसा प्रभावित दिदीबहिनीहरुको आयआर्जन बढाउन आर्थिक सहयोग गरेको छ । फेडो र जुरी नेपालबाट भएका कार्यक्रमबाट धैरै महिला दिदीबहिनीको जीवनस्तरमा सुधार भएको छ। महिला दिदीबहिनीमा स्वयं निर्णय गर्ने क्षमता बढेको छ।

## ५.२ प्रारम्भिक प्रस्तुतीकरणमा राख्नुभभएको सरोकारवालाको भनाई

**मुरारीप्रसाद खरेल**

**सचिव, राष्ट्रिय मानवअधिकार आयोग**

जुरीले गतबर्ष आफ्ना ६ वटा परियोनामार्फत सबै तहका सरकारसँग जोडिएर काम गरेको पाएँ। विशेषगरी राइटहोल्डर मानवअधिकार, अधिकार संरक्षण सशक्तीकरणका लागि ड्युटी होल्डर दुवैसँग जोडिएर कार्य गरेको देखिन्छ। यसले सर्वसाधारण नेपाली जनतालाई अधिकारी प्राप्ति र यसका लागि आवश्यक नीतिगत सहयोग पुगेको मैले अनुभव गरेको छु। स्थानीय तहलाई नीति निर्माणमा गरिएको प्राविधिक सहयोगले कानूनको पहुँचमा सहयोग पुगेको छ।

**सरिता महर्जन, प्रमुख, सामुदायिक विकास महाशाखा, ललितपुर महानगरपालिका**

लतिलपुर महानगरपालिकाले संस्थागत रुपमा प्रतिवेदनहरुलाई चौमासिक रुपमा लिने गरेको छ । कार्यालयमा नआई इमेलबाटै पठाउने व्यवस्था गरिएको छ । संस्थाले गरेको नीतिगत सहयोगले धेरै पालिका लाभान्वित भएको सुन्दा खुसी लागेको छ । प्राविधिक सहयोगसँगै जीविकोपार्जनमा काम गरेको देखिएकोले पक्कै यो विषयमा विधानत भएको विश्वास लिएको

छ। पछिल्लो समयमा बोल्न जान्ने तर काम नगर्ने जमात बढ्दै गएको। हरेक संस्थाले पहिले स्वमुल्यांकन गर्नु जरुरी छ।

**टेक ताम्राकार, अधिकारकर्मी**

सामाजिक परीक्षणले भएका काम मात्र नभई दीगो विकास लक्ष्यसम्मको विषयलाई समेटेको हुन्छ। संस्थाको कामले अधिकारलाई स्थानीयकरण र कार्यान्वयन गर्नको लागि सहयोग पुगको छ। विशेषगरी जुरीको उदेश्यसँग जोड्दै सामाजिक न्याय र मानवअधिकारको वास्तविक विषयसँग कति प्रतिशत खर्च गर्न सकिएछ भन्ने निष्कर्ष निकाल्न सकिएको खण्डमा यसले काम र खर्चबिच भएको तुलनामा सहयोग पुऱ्याउँदछ।

**दिनेश बस्नेत, कार्यकारी निर्देशक, गोगो फाउण्डेशन**

कुनै पनि संस्थाले संस्थाको मितव्ययितालाई जोडेर संवेदनशील खर्च गर्न सक्नुपर्दछ। यसैगरी पछिल्लो समयमा टेक्नोलोजीलाई कसरी जोड्ने, नयाँ आयामको रुपमा आएको जेन्जीलाई कसरी जोड्न सकिएला भन्ने हेर्न सक्नुपर्ने बेला भएको छ। जुरी नीतिगत विषयसँगै प्राथमिकताको आधार विपन्नता बनाएकोले बेञ्चमार्क सहयोगको लागि काम गर्ने तथा ठूला परियोजनाको लाभान्वितको अनुगमन परियोजनासम्पन्न पश्चात् आदिका विषय समेट्न सकिन्छ।

**सीता पौडेल, अधिवक्ता एवं सचिव, वियोण्ड बेजिङ कमिटी**

जुरीले लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सीपमूलक कार्य तथा जीविकोपार्जनलाई केन्द्रित गरेर कार्य गरेको पाएको छु। यसैगरी तालिम र विउँपुजी दिएर सहयोगसमेत दिएको छ। संस्थाले सामजिक परीक्षणको क्षेत्रलाई परियोजनात्मक बनाउन सकेमा अझ राम्रो हुन्छ। विशेषगरी परियोजना संचालन भएका स्थानमा नै गएर कार्यक्रम संचालन गर्न सकेमा अझ उत्तरदायी र पारदर्शिता बढी देखिन्छ।

**सुरेश विश्वकर्मा, कार्यक्रम व्यवस्थापक, दलित महिला संघ**

फेडो र जुरी नेपालको सहकार्य विगत लामो समयदेखी हुँदै आएको छ। जुरीसँग रहेको विज्ञताका कारण धेरै नीतिगत विषयमा तिनै तहका सरकार लाभान्वित हुनेसमेत देखिएको छ। संस्थासँग भएको विज्ञतामार्फत फेडोले त्यसलाई प्रयोग गर्ने मौका मिलेको छ।

सिमान्तिकृत वर्गको क्षमता अभिवृद्धिदेखी उनीहरुको जीविकोपार्जनमा समेत सहयोग पुगेको मैले पाएको छु ।

**सुनिता लामा, राष्ट्रिय भूमि सञ्जाल**

सामाजिक न्याय अहिलेको समयमा अन्त्यन्तै सान्दर्भिक र कार्य गर्नुपर्ने विषयको रुपमा रहेको छ । जुरीको समन्वय र आवश्यक ठाउँमा गर्नुपर्ने रेस्पोन्स एकदमै राम्रो छ । गुठी तथा उठीबासजस्ता विषयमा हाम्रो सहकार्य भएको छ । जुरीले धेरै कार्यक्रम र क्रियाकलापहरु सम्पन्न गरेकोले हालसम्म भएका कामहरुको विषयमा प्रभाव परेका विषयहरुलाई अध्ययन गरी यसको मुल्यांकन गर्न सकियो भने राम्रो हुन्छ ।

**देवु पराजुली, महासचिव, नेपाल अपाङ्ग महिला संघ**

जुरी नेपालले धेरै संघसंस्थासँग छातासंस्थाको रुपमा कार्य गरेको छ । विशेषगरी सञ्जालमार्फत ४२ वटा संस्था जोडिएको मैले पाएको छु । मुख्यतया दातृसंस्थाबाट आएका सबै रकम अनुदान नहुने भएको बुझ्नुपर्दछ । संस्थाले भएका उपलब्धिलाई संस्थागत गर्न सूचकहरु निर्माण गरी इतिहास राख्ने विषयसँग जोड्नुपर्दछ । संस्थाले नियमित रुपमा सामाजिक परीक्षण आयोजना गरेकोमा बधाईसमेत प्रदान गर्दछु ।

**रुममिणी महर्जन, अध्यक्ष, जुरी नेपाल**

हामी संस्थाले पालना गर्नुपर्ने विषयहरु सुशासन, पारदर्शिता र उत्तरदायित्व तिनवटै विषयमा प्रतिवद्ध छौं । हामीले आगामी दिनमा गर्नुपर्ने कार्यको विषयमा विभिन्न सुझावबाटै देखिने हो । हालसम्म हामीले सिक्दै र काम गर्दै गरेका छौं । यसको निरन्तरता हुनेछ र काम थप प्रभावकारी हुनेछ ।। प्रभावकारीता बढाउनका लागि सबैको सहयोग र सुझाव अपेक्षा निरन्तर रुपमा जुरीले चाहेको छ ।

## ६. सवल पक्ष

संस्थाका समग्र पक्षमा मुल्यांकन गर्दा संस्थाको अवस्था सकारात्मक रहेका निष्कर्ष निकाल्न सकिन्छ । संस्थागत सुशासनका आधारमा संस्थाले नियमक निकायसँग दर्ता र समयमै नियमित नवीकरण गरेको देखिन्छ । समग्रमा संस्थाका सबल पक्ष निम्नानुसार छन्:

- समावेशी नेतृत्व
- निश्चित उदेश्य र उदेश्यअनुसारका कार्यक्रमहरु गर्ने गरिएको पाइएको
- व्यवस्थित डकुमेन्टेसन भएको
- नियमक निकायसँग दर्ता र समयमै नियमित नवीकरण गरेको देखिएको
- बैज्ञानिक अर्गानोग्राम रहेको
- बार्षिक तथा आवधिक कार्ययोजना निर्माण भएको पाइएको
- सरोकारवालाहरुसँगको समन्वय र दृष्टिकोण सकारात्मक भएको
- सूचना र प्रकाशनको क्षेत्रमा अब्बल रहेको
- आवश्यकता अनुसार जिल्ला साझेदारको व्यवस्था भएको
- कार्यसमिति तथा कर्मचारी बैठकको नियमितता देखिएको
- प्रचार सामग्री निर्माण, प्रकाशन र प्रशारण
- पूर्वस्वीकृत पश्चात् परियोजना सञ्चालन भएको पाइएको
- विभिन्न छाता संस्था, नेटवर्कहरुको आवद्धता, सञ्जाल निर्माणमा सक्रियता भएको
- नियमित सामाजिक परीक्षण गर्ने गरिएको आदि
- श्रम अडिट गर्ने गरिएको आदि

## ७. सुझावहरू

संस्थाले गरेका कार्यबाट संस्थाको सामाजिक प्रभाव राम्रो रहेको विश्लेषणसहित संस्थालाई अझ व्यवस्थित बनाउन यस सामाजिक परीक्षणबाट निम्नानुसारको सुझाव दिइन्छ ।

- मिडिया फेलोसिप कार्यक्रमहरु संचालन गरी कार्यक्रमको प्रभाव मुल्यांकन र प्रचार गर्नुहुन ।
- ठूला परियोजनाको परियोजनागत सामाजिक परीक्षण गर्नुहुन
- संस्थाको धेरै परियोजनाहरु रहेकोले सम्भव भएसम्म परियोजनागत रुपमा सामाजिक परिक्षण गर्नुहुन
- संस्थाले स्थानीय तहका लागि निर्माण गरेका लैससास नीति आदिलाई छाता संस्था र सञ्जालमार्फत देशभरका तहगत सरकार पुऱ्याउन पहल गर्नुहुन
- स्थानीय तहदेखी संघीय सरकारसँगको समन्वयलाई निरन्तरता दिनुहुन
- संस्थाको दीर्घकालिन कोष वा आपतकालिन कोषलाई वृहत बनाउनुहुन ।
- संस्थाको समग्र पक्ष सबल देखिएकाले अन्य संस्थालाई सबल बनाउन संस्थागत र प्राविधिक सहकार्य गर्नुहुन ।

## ८. सूचक मुल्यांकन

| विवरण । सूचक | राम्रो | ठिकै | सुधार गर्नुपर्ने |
|---|---|---|---|
| **बैधानिकता र सहभागिता** | | | |
| आन्तरिक नीति निर्माण | ✔ | | |
| खुल्ला सदस्यता | | ✔ | |
| समयमै नवीकरण, कर भुक्तानी | ✔ | | |
| संस्थाभित्र सबै तहमा समावेशिता | ✔ | | |
| सदस्यहरुभित्र संस्थागत सूचना प्रवाह र पूर्ण सहभागिता | ✔ | | |
| **सुशासन** | | | |
| कार्यविभाजन र जिम्मेवारी विभाजन | ✔ | | |
| पदोपसान अनुसार निर्णय प्रकृया | ✔ | | |
| कार्यसमिति पुर्नगठन र नियमित साधारण सभा र बैठक | ✔ | | |
| अनुगमन र मुल्याकंन प्रणाली | ✔ | | |
| लेखाप्रणालीको अवस्था | ✔ | | |
| समयमा लेखापरीक्षण र आन्तरिक परीक्षणहरु | ✔ | | |
| आगामी बर्षको बजेटसहितको योजना निर्माण | ✔ | | |
| **जनसम्बन्ध र सूचना प्रवाह तथा दीगोपना** | | | |
| सूचनाको माध्यम र सर्बसाधारणसम्म सूचना प्रवाह | ✔ | | |
| सामाजिक जिम्मेवारीपना | ✔ | | |
| आएका सुझावलाई कार्यान्वयनको अवस्था | ✔ | | |
| अन्य सामाजिक संस्था र नागरिक समाजसँगको सम्बन्ध | ✔ | | |
| आर्थिक दीगोपनाको अवस्था | | ✔ | |
| संस्थाको दीगोपनाको अवस्था | | ✔ | |

**अनुसूचि १**

# अनुसूची १: प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण तथा सुझाव संकलनका तस्वीर










# अनुसूचि २ : प्रारम्भिक प्रतिवेदन प्रस्तुतीकरण तथा सुझाव संकलन कार्यक्रमको हाजिरी

JuRI Nepal
कार्यक्रम हाजिरी फारम

कार्यक्रमको नाम: छैठौं सामाजिक लेखा परिक्षण तथा बार्षिक समिक्षा कार्यक्रम (6th Social Audit and Annual Review Program)

कार्यक्रम भएको स्थान: काठमाडौं

कार्यक्रम मिति: २०८२ असोज २६

| क्र.सं. | सहभागीको नाम | कार्यालयको नाम | पद | ठेगाना | लिङ्ग | सहभागी समूहहरु (तल सान्दर्भिकमा चिन्ह (√) लगाउनुहोस्) | | | | | ईमेल | सम्पर्क नम्बर | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला, पुरुष, अन्य लैंगिक समूह | दलित | जनजाति | अन्य (ब्राह्मण क्षेत्री) | अन्य सिमान्तकृत समूह | अपाङ्गता भएका व्यक्ति | | | |
| १ | मुरारि प्रसाद खरेल | रा.मा.अ.आ | सचिव | ललितपुर | पु. | | | | | | murari.kharel@gmail.com | 9841286736 | [signature] |
| २ | रुकमणी महर्जन | जुरी नेपाल | अध्यक्ष | ललितपुर | म | | ✓ | | | | rukumaharjan@gmail.com | 9841842929 | [signature] |
| ३ | सरिता महर्जन | ललितपुर महिला ... | अध्यक्ष ... | ललितपुर | म | | ✓ | | | | rsngi... @yahoo.com | 9841359443 | [signature] |
| ४ | बि.एन.मोक्तान | सामाजिक पत्रिका | | " | पु | | | ✓ | | | editorbnmachung@gmail.com | | [signature] |
| ५ | प्रशान्त चौधरी | सामाजिक पत्रिका | | " | पु | | ✓ | | | | Prashantofficial@gmail.com (9812526750) | | [signature] |
| ६ | अशोक कुमार सिंह | पत्रिका नेपाल | कार्यकारी निर्देशक | सिनामंगल | पु | | | ✓ | | | ashok.singh@fianepal.org | 9861044951 | [signature] |
| ७ | रोशनी पोखरेल | जुरी नेपाल | सचिव | ललितपुर | म. | | | ✓ | | | roslypokharel@gmail.com | 9841428073 | [signature] |
| ८ | सरिता लामा | साहित्य ... (CSRC) / CSRC | प्रशासन | टोखा | म. | | ✓ | | | | sarital@csrcnepal.org | 9843477325 | [signature] |
| ९ | सुषमा न्यौपाने | CSRC | अभियान संयोजक | धापासी | म. | – | – | ✓ | – | – | sushma@csrcnepal.org | 9849289766 | [signature] |
| १० | धनमाया गुरुङ | IWL | महासचिव | काठमाडौं | म | – | ✓ | – | – | – | grgrup41210@gmail.com | 9807057623 | Dhamaya |
| ११ | अस्मिता खापकोटा | एमनेस्टी नेपाल | अभियान संयोजक | बानेश्वर | म | | | ✓ | | | ashmita@amnesty nepal.org | 9851205319 | [signature] |
| १२ | बुद्धि कार्की | JuRI | | Kalanki | पु | | | ✓ | | | Karkib...@gmail.com | 9851035398 | [signature] |
| १३ | सुरेश विश्वकर्मा | FEDO | Programme Manager | Lalitpur | पु | ✓ | | | | | suresh@fedonepal.org | 9848422876 | [signature] |
| १४ | गार्डिका बज्राचार्य | The Story Kitchen | Programme lead & org. head | Lalitpur | म | | ✓ | | | | gardika@thestorykitchen.org | 9851010825 | [signature] |
| १५ | Sita Poudyal | Beyond Beijing Committee | Secretary | Pepsicola | F | | | ✓ | | | balsamaj@gmail.com | 9852029291 | [signature] |
| १६ | Ram Pher Pariyar | ADWAN | Ac. President | Baluwatar | M | ✓ | | | | | adwannepal@gmail.com | 9841596376 | [signature] |
| १७ | ... कुमारी पराजुली | नेपाल अपाङ्ग महिला संघ | महासचिव | भक्तपुर | महिला | | | – | | ✓ | n...@gmail.com | 9851172685 | [signature] |
| १८ | विद्या चापागाईं | ... | सदस्य | ... काठमाडौं | महिला | | | – | | | bidhya...@gmail.com | 9761697801 | [signature] |
| १९ | ... भण्डारी | ... | ... | काठमाडौं | पु. | | – | | | | gbbhari@gmail.com | 9851034463 | [signature] |
| २० | Dinesh Bdr Basnet | GoGo Foundation | ED | Anam Nagar | M | | | ✓ | | | edgogofoundation@gmail.com | 9841646742 | [signature] |
| २१ | Rishi Neupane | General Secretary | JURI | Kalimati | M | | | ✓ | | | rishiforothers@gmail.com | 9851146436 | [signature] |
| २२ | Bijmee Byanjankar | LMC | Com. A | Bhaktapur | F | | | | | | bijmee10@gmail.com | 9841595587 | [signature] |
| २३ | Bal Maya Bishwakarma | JURI | Member | Kirtipur | | ✓ | | | | | bmbishwakarma@gmail.com | 9841628112 | [signature] |
| २४ | टेक तामाङ | | | | | | | | | | | 9851097095 | [signature] |
| २५ | Narendra Paswan | MDNF | Chairperson | Ktm | M | ✓ | | | | | mdnfnepal...@yahoo.com | 9841289544 | [signature] |
| २६ | Nitin Priyadarshi | MDNF | IT Manager | KTM | M | ✓ | | | | | nitinpriyadarshi70@gmail.com | 9861724281 | [signature] |
| २७ | Gopi Parajuli | JURI-Nepal | ED | Ktm | M | | | | | | | | [signature] |
| २८ | Muna Adhikari | JURI-Nepal | M&E Co. | KTM | F | | | | | | muna.adhikari@jurinepal.org.np | 9865597972 | [signature] |
| २९ | Kabita Silwal | " | PO | " | F | | | | | | kabita.silwal@jurinepal.org.np | 9841647129 | [signature] |
| ३० | विष्णु पोखरेल | जुरी नेपाल | Deputy ED | Ktm | M | | | | ✓ | | bishnupokhrel...@gmail.com | 9841372690 | [signature] |
| ३१ | Purnadevi Maharjan | " | PFO | ktm | F | | ✓ | | | | purnadevi.maharjan@jurinepal.org.np | 9841467171 | [signature] |
| ३२ | तेज सुनार | जुरी-नेपाल | | | M | ✓ | | | | NO | tej.sunar@jurinepal.org | 9851067539 | [signature] |
| ३३ | Ratna Shrestha | JuRI-Nepal | Member | | M | | ✓ | | | | ratna.jurist@gmail.com | 9851104192 | [signature] |
| ३४ | Sunita Singh Thakuri | " | AFC | | F | | | ✓ | | | | | [signature] |
| ३५ | Thakur Man Lama | " | APA | | M | | ✓ | | | | thakurman.lama@jurinepal.org.np | 9843676927 | [signature] |
| ३६ | Devaki Kc | " | member | | F | | | ✓ | | | devaki@gmail.com | 9851102558 | [signature] |
| ३७ | Sarmila Shrestha | " | " | | F | | ✓ | | | NO | | | [signature] |
| ३८ | Adv. Sundar Shai | JuRI-Nepal | member | Bajhang 10-Jayaprithvi | | ✓ | | | | | sherisundar23@gmail.com | 9851165040 | [signature] |
| ३९ | Kamal Bdr. Basel | " | " | BKT. | M | ✓ | | | | | techkbb29@gmail.com | 9841696917 | [signature] |
| ४० | Anita Bhujel | JuRI | TL | KTM Baneshwor | F | | ✓ | | | | | 9841375254 | [signature] |
| ४१ | Rajendra Thami | JuRI | OA | | M | | ✓ | | | | | 9844716844 | [signature] |

# अनुसूचि ३ फोटो फिचर













२०८२ जेठ १२ सोमबार
Monday 26 May 2025

**समाचार**

# लैससास नीति २०८० कार्यान्वयन गर्न पञ्चवर्षीय विस्तृत कार्ययोजना हस्तान्तरण



**राजकुमार कार्की/हिटा**

ओखलढुंगा, ११ जेठ

लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न पञ्चवर्षीय विस्तृत कार्ययोजना हस्तान्तरण गरिएको छ । युएनएफपिएको आर्थिक सहयोग तथा जुरी नेपालको प्राविधिक सहयोगमा तयार पारिएको नीति तथा पञ्चवर्षीय विस्तृत कार्ययोजना हस्तान्तरण गरिएको हो । जिल्लास्थित चारवटा स्थानीय तहहरूमा औपचारिक कार्यक्रमको आयोजना गरी युएनएफपिएकी जिल्ला संयोजक रेखा श्रेष्ठले हस्तान्तरण गर्नुभएको थियो ।

स्थानीय तहको रणनीतिक कार्ययोजनालाई लैंगिकमैत्री बनाउन युएनएफपिएको पहल र आर्थिक सहयोगमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न पञ्चवर्षीय विस्तृत कार्ययोजना तयार पारिएको थियो । परियोजना लागू भएका स्थानीय तहहरूमा यस्तो नीति तथा कार्ययोजना बनाई हस्तान्तरण गरिएको हो ।

यो पञ्चवर्षीय कार्ययोजनाले स्थानीय तहमा लैंगिकमैत्री शिक्षा, स्वास्थ्य, पूर्वाधार विकासलगायतका विकासहरूमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ । स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरूले आवश्यक छलफल गरी तयार पारेको मस्यौदालाई जुरी नेपालको प्राविधिक सहयोगमा किताब बनाई पालिकालाई हस्तान्तरण गरिएको छ । परियोजना लागू भएका सिद्धिचरण नगरपालिका, मोलुङ गाउँपालिका, मानेभञ्ज्याङ गाउँपालिका र चिशंखुगढी गाउँपालिकाले नीति तथा कार्ययोजना बनाएका छन् । स्थानीय तहअनुसार आफूलाई आवश्यक पर्ने विषयवस्तुलाई समेटेर आ-आफ्नै तरिकाले बनाइएको कार्ययोजना सभाबाट पास गरेर कार्यान्वयन गर्न स्थानीय तहहरू सहमत भएका छन् ।

लैंगिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना दोस्रो चरणको कार्यक्रम सञ्चालनमा छ । युएनएफपिएको आर्थिक सहयोगमा २०१६ बाट पहिलो चरण सुरु भएको थियो भने सन् २०२० बाट दोस्रो चरणको कार्यक्रम सञ्चालनमा रहेको जिल्ला संयोजक रेखा श्रेष्ठले जानकारी दिनुभयो । परियोजनाले समुदायमा, विद्यालयमा, परिवारलगायत स्वास्थ्यकर्मीहरूलाई जनचेतनामूलक तालिम, अभिमुखीकरण गोष्ठी गरिरहेको छ । श्रीमान् श्रीमतीहरूको सहभागितामा जोडी छलफलसमेत सञ्चालन गरेको छ । युएनएफपिएको आर्थिक सहयोगमा कोकन नेपालले यो कार्यक्रम सञ्चालन गरेको थियो । विवाह गरेको पाँच वर्षभित्रका श्रीमान् श्रीमतीलाई पटक-पटक गरेर ३५ दिनसम्म तालिम, गोष्ठीलगायत छलफलमा सहभागी गराउने गरेको बताइएको छ ।

परियोजना लागू भएका चारवटा पालिकाका प्रत्येक वडामा युएनएफपिए र पालिकाको आर्थिक साझेदारीमा एक-एकजनाका दरले सामुदायिक मनोपरामर्शकर्ता कार्यरत छन् । त्यसैगरी जिल्ला स्वास्थ्य कार्यालयमा रहेर एकद्वार संकट व्यवस्थापन र घटना व्यवस्थापकमा दुईजना कर्मचारी कार्यरत छन् । यो परियोजना सन् २०२६ सम्म सञ्चालनमा रहनेछ । कार्यक्रम स्थानीय समुदायमा प्रभावकारी भएकाले परियोजनाको समाप्तिपछि पनि स्थानीय तहले कार्यक्रम सञ्चालन गर्न प्रतिबद्धता जनाएको श्रेष्ठले जानकारी दिनुभयो ।

परियोजना लागू भएका स्थानीय तहमा उपप्रमुख/उपाध्यक्षको संयोजकत्वमा लैंगिक हिंसा न्यूनीकरणका लागि सञ्जाल गठन गरेको छ । यो सञ्जालले लैंगिक हिंसा न्यूनीकरणको आवश्यक योजना बनाउने, बजेट विनियोजन र कार्यान्वयनसमेत गर्ने गर्दछ । त्रैमासिक रूपमा बैठक बसी लैंगिक हिंसाको अवस्था कस्तो छ, र के गर्न सकिन्छ भन्ने विषयमा छलफल गरी कार्यान्वयन गर्ने पालिकामा सहमति भएको छ । तीनवटा गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा महिला विकास शाखा प्रमुख सदस्य-सचिव, नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा प्रमुख प्रशासकीय अधिकृत सदस्य-सचिव र कर्मचारी जनप्रतिनिधि सदस्य रहने गरी सञ्जाल बनाइएको छ । यो सञ्जालले लैंगिकमैत्री विकास गर्नका लागि महत्त्वपूर्ण काम गर्नेछ ।



















## अनुसूची ४ : प्रकाशित सामग्रीहरु






# अनुसूची ५

## संस्थागत स्वीकृति तथा सिफारिस

# समाज कल्याण परिषद्

(योजना शाखा)
(परियोजना कोड नं ९१०)

केन्द्रीय कार्यालय
हरिहर भवन, पुल्चोक
ललितपुर, नेपाल

पत्र संख्या ०८१।०८२
च. नं. 005081

मिति: २०८१।०९।१६

श्री न्याय तथा अधिकार संस्था नेपाल, ललितपुर ।
स.क.प. आबद्धता नं : ३५५११
(फोन नं. ९८५१०९०१६४)

**विषय : परियोजना स्वीकृति बारे ।**

त्यस संस्थाले परिषद्मा परियोजना प्रस्ताव दर्ता गराएको मिति २०८१।०७।२६ को पत्रबाट दातृ संस्था **The Asia Foundation, Baluwatar, Kathmandu** को आर्थिक सहयोगमा तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रम/परियोजना संचालन गर्न स्वीकृति माग भई आएको सन्दर्भमा कार्यवाही हुँदा, प्रस्तावित कार्यक्रम/परियोजना कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय निकाय/तहसंग समन्वय र सहकार्यमा गर्ने, कार्यक्रम/परियोजना प्रगति प्रतिवेदन, ४/४ महिनाको आय/व्यय विवरण, लेखापरीक्षण प्रतिवेदन वार्षिक रुपमा परिषद् लगायत सम्बन्धित निकायमा पेश गर्नु पर्ने एवं कार्यक्रम संचालन गर्नु पूर्व सम्बन्धित जिल्ला समन्वय समिति, नगरपालिका/गाउँपालिकामा परियोजना प्रस्ताव उपलब्ध गराउनु पर्ने गरी प्रस्तावित कार्यक्रम/परियोजना संचालन गर्न मिति २०८१।०८।२५ को सदस्य-सचिव स्तरीय) निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल :

| परियोजनाको नाम | परियोजना संचालन गर्ने भौगोलिक क्षेत्र | परियोजनाको अवधि | आर्थिक श्रोत | | |
|---|---|---|---|---|---|
| | | | वैदेशिक सहयोग रु. | आन्तरिक सहयोग रु. | कुल लागत रु. |
| Law and Policis for Women, Youth, Dalit and Marginalized Communities in Madhesh and Lumbini Provinces of Nepal (Policy Support Project) | महोत्तरी, रौतहट, रुकुम पुर्व, नवलपरासी, अर्घाखाँची जिल्ला । | 15 November 2024 To 31 July 2025 | ७९,५६,६५६।- | | ७९,५६,६५६।- |

पुनश्च : " कार्यक्रम स्वीकृति लिई परियोना सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुले सरोकारवालाहरु बीच परियोजनाको सामाजिक लेखापरीक्षण सार्वजनिकरण गर्ने कार्य वा जानकारी विभिन्न निकायमा पठाउँदा वा परियोजना कार्यक्रम स्थलमा राखिने होर्डिङ्ग बोर्डमा परियोजना विवरण उल्लेख गर्दा परिषद्को मिति र सम्झौताको अवधि उल्लेख गर्न पर्नेछ ।

(लोकेश पाल)
सहायक निर्देशक

बोधार्थ :

१. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय (महिला,बालबालिका,जेष्ठ नागरिक,श्रम तथा सामाजिक सुरक्षा शाखा), सिंहदरबार,काठमाण्डौ ।
२. श्री महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार,काठमाण्डौ ।
३. श्रीमान् सदस्य सचिवज्यू स. क. प. , हरिहरभवन, ललितपुर ।
४. श्री जिल्ला प्रशासन कार्यालय, ललितपुर ।
५. श्री जिल्ला समन्वय समिति, महोत्तरी, रौतहट, रुकुम पुर्व, नवलपरासी, अर्घाखाँची ।
६. श्री समन्वय शाखा स. क.प., भृकुटीमण्डप,काठमाण्डौ ।
७. श्री अनुगमन तथा मूल्याङ्कन विभाग, स. क.प.- आवश्यक कार्यार्थ ।



# समाज कल्याण परिषद्

(योजना शाखा)
(परियोजना कोड नं ९१५५)

केन्द्रीय कार्यालय
हरिहरभवन
ललितपुर, नेपाल

पत्र संख्या ०८१।०८२
च. नं. 010614

मिति: २०८२।०३।०३

श्री न्याय तथा अधिकार संस्था नेपाल, ललितपुर ।
स.क.प. आबद्धता नं : ३५५११
(फोन नं. ९८५१०९०१६४)

**विषय : परियोजना स्वीकृति बारे ।**

त्यस संस्थाले परिषद्मा परियोजना प्रस्ताव दर्ता गराएको मिति २०८२।०१।१९ को पत्रबाट दातृ संस्था **Purak Asia, Kathmandu, Nepal** को आर्थिक सहयोगमा तपसिलमा उल्लेख भए बमोजिमको कार्यक्रम/परियोजना संचालन गर्न स्वीकृति माग भई आएको सन्दर्भमा कार्यवाही हुँदा, प्रस्तावित कार्यक्रम/परियोजना कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय निकाय/तहसंग समन्वय र सहकार्यमा गर्ने, कार्यक्रम/परियोजना प्रगति प्रतिवेदन, ४/४ महिनाको आय/व्यय विवरण, लेखापरीक्षण प्रतिवेदन वार्षिक रुपमा परिषद् लगायत सम्बन्धित निकायमा पेश गर्नु पर्ने एवं कार्यक्रम संचालन गर्नु पूर्व सम्बन्धित जिल्ला समन्वय समिति, नगरपालिका/गाउँपालिकामा परियोजना प्रस्ताव उपलब्ध गराउनु पर्ने गरी प्रस्तावित कार्यक्रम/परियोजना संचालन गर्न मिति २०८२।०२।२८ को सदस्य-सचिव स्तरीय) निर्णयानुसार स्वीकृति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल :

| परियोजनाको नाम | परियोजना संचालन गर्ने भौगोलिक क्षेत्र | परियोजनाको अवधि | आर्थिक श्रोत | | |
|---|---|---|---|---|---|
| | | | वैदेशिक सहयोग रु. | आन्तरिक सहयोग रु. | कुल लागत रु. |
| Advancing the Implementation of the Right to Food and Food Sovereignty Act in Nepal | प्युठान, कपिलवस्तु जिल्ला । | 15 May 2025 To 31 December 2025 | २४,८४,०००।- | | २४,८४,०००।- |

पुनश्च : " कार्यक्रम स्वीकृति लिई परियोना सञ्चालन गर्ने गैरसरकारी संस्थाहरुले सरोकारवालाहरु बीच परियोजनाको सामाजिक लेखापरीक्षण सार्वजनिकरण गर्ने कार्य वा जानकारी विभिन्न निकायमा पठाउँदा वा परियोजना कार्यक्रम स्थलमा राखिने होर्डिङ्ग बोर्डमा परियोजना विवरण उल्लेख गर्दा परिषद्को मिति र सम्झौताको अवधि उल्लेख गर्न पर्नेछ ।

(लोकेश पाल)
सहायक निर्देशक

बोधार्थ :

१. श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय (महिला,बालबालिका,जेष्ठ नागरिक,श्रम तथा सामाजिक सुरक्षा शाखा), सिंहदरबार,काठमाण्डौ ।
२. श्री महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार,काठमाण्डौ ।
३. श्रीमान् सदस्य सचिवज्यू स. क. प. , हरिहरभवन, ललितपुर ।
४. श्री जिल्ला प्रशासन कार्यालय, ललितपुर ।
५. श्री जिल्ला समन्वय समिति, कपिलवस्तु, प्युठान ।
६. श्री सरुमारानी गाउँपालिका, प्युठान ।
७. श्री शुद्धोधन गाउँपालिका, कपिलवस्तु ।
८. श्री समन्वय शाखा स. क.प., भृकुटीमण्डप,काठमाण्डौ ।
९. श्री अनुगमन तथा मूल्याङ्कन विभाग, स. क.प.- आवश्यक कार्यार्थ ।